www.krishionline.com मा पनि हेर्न सक्नु हुनेछ।
नेपालको पहिलो
# कृषि साप्ताहिक
Nepal's First Agriculture Weekly

हरेक क्षण हरेक दिन
मुलुकमा भएका कृषि
समाचारका लागि !
कृषि अनलाईन
KrishiOnline.com
Nepal's First Agriculture News Portal
कृषि पत्रिका आईपुगेन ?
कि ग्राहक बन्न खोजिरहनु
भएको छ ?
सम्पर्क गर्नुस् :९८०८१५७१४४

● वर्ष ३ ● अङ्क ४ ● २०७१ भाद्र २९ गते आइतबार ● 14 Sept. 2014 मूल्य रु.१०।-

## पशु सेवा विभागमा डा. प्रेमी

काठमाडौं । लामो समयदेखि रिक्त रहेको पशु सेवा विभागको महानिर्देशकमा डा केशवप्रसाद प्रेमी नियुक्त भएका छन् । पशु सेवा विभागका महानिर्देशक एवं सहसचिव डा. नरबहादुर रजवारको सचिवमा बढुवा भए



पछि पशु सेवा विभागको महानिर्देशक पद रिक्त रहेको थियो। सो पदमा पशु सेवामा लामोसमयसम्म कार्यरत डा.केशवप्रसादप्रेमी नियुक्त भएपछि सो रिक्तता पूरा भएको छ । डा. प्रेमी महानिर्देशक हुनु भन्दा केही महिना अगाडि मात्र पशु स्वास्थ्य निर्देशनालयका कार्यक्रम निर्देशकका रुपमा सरुवा भएका थिए भने त्यस अघि उनी पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयमा कार्यक्रम निर्देशकका रुपमा कार्यरत थिए ।

## स्थानीय चामलले ब्राण्ड पाउने

काठमाडौं । स्थानीय रुपमा चामल उत्पादन बढाउनका लागि गतसालबाट परीक्षण शुरु गरेको खाद्य संस्थानले यस बर्ष स्थानीय रुपमा उत्पादन भएका चामललाई नयाा ब्राण्ड बनाएर बेच्ने भएको छ । नयाा ब्राण्डको नामसहित गतबर्षबाट परीक्षण रुपमा चामल विक्री गरेको खाद्य संस्थानले यो पटक व्यवस्थित रुपमा चामल विक्री गर्नका लागि लोगो बनाउने प्रक्रिया समेत अगाडि बढाईसकेको छ । नयाा ब्राण्डको चामल विक्रीका लागि नयाँ लोगो स्वीकृत नहुञ्जेलसम्म खाद्य संस्थानकै लोगोमा चामल विक्री गर्ने योजनामा खाद्य संस्थान रहेको छ ।

सरकारी स्वामित्वमा रहेको खाद्य संस्थानले बर्दिया, नेपालगञ्ज र भैरहवाको मसिसो चामल तथा वीरगञ्ज, लहानको जिरा मसिनो चामललाई ब्राण्डि गरी बेच्ने तयारी गरेको हो । साथै संस्थालने कर्णाली क्षेत्रमा उत्पादन हुने उवा, चिनो, फापर, कागुनु, सिमी, भटमास, कोदो समेत बेच्ने तयारी गरिरहेका नेपाल खाद्य संस्थानले जनाएको छ ।

# जिल्ला कृषि कार्यालय प्रमुखहरूको व्यापक सरुवा

## सरुवाको सूचना गोप्य, जिल्ला प्रमुखहरु मन्त्रालयमा

योगेन्द्र प्रताप शाही

काठमाडौं । सबैको छायामा परेको कृषि क्षेत्र यतिखेर चर्चा र बहसको विषयमा मात्र बनेको छैन कृषि विकास मन्त्रालयमा चहलपहल बढ्न थालेको छ । विगतमा हुने चहलपहल र अहिले भईरहेको चहलपहल फरक देखिन्छ । कृषि विकास मन्त्रालय मातहतका कार्यालयमा भएको सरुवाले यतिखेर चर्चा बटुल्न सफल भएको छ । सरुवाको महिना भएपनि जसरी पारदर्शि ढंगबाट हुनु पर्ने थियो त्यो नभएकै कारण जिल्लाका कृषि कार्यालय प्रमुखहरु मन्त्रालयमा नै देखिन्छन् ।

आफू सरुवा भईसकेको र शुक्रबार पत्र हात पार्ने आशाले आएका एक जिल्लाका कृषि कार्यालय प्रमुखले बेलुका पाँच बजेसम्म पनि पत्र नपाउने भएपछि फर्कनुको विकल्प नरहेको भन्दै आईतबार आइ पत्र बुझ्ने भन्दै हिंडेका थिए । यसपटक कृषि विकास मन्त्रालयको सरुवामा राजनीतिक हस्तक्षेपमात्र होइन आर्थिक चलखेल पनि भएकाले सरुवा भईसकेका व्यक्तिले समेत मन्त्रालयबाट थाहा पाउनु पर्ने सूचना बाहिरबाटै जानकारी पाएकाले आफू मन्त्रालय आएको उनले बताए ।




सम्वन्धित मन्त्रालयको कर्मचारी भएर पनि सरुवाको सूचना अन्तैबाट पाउनु पर्ने भएपछि के काम लाग्यो र उनले रुष्टता पोखे । सरुवाका लागि आर्थिक लेनदेन समेत भएकाले यसलाई गोप्यतका साथ गरिएको जिल्लाका प्रमुखहरुको आरोप छ । कृषि विकास मन्त्रालयको विगतका बर्षहरुमा हुने सरुवामा यस्तो हुने नगरेको भन्दै यो बर्ष अत्यन्तै अपारदर्शिता ढंगबाट कर्मचारीहरुको सरुवा भएको उनीहरुले आरोप समेत लगाए । सरुवा एउटा प्रक्रिया भएकाले प्रक्रिया संगत किसिमले हुनु पर्ने भएको भएपनि त्यसो हुन नसकेको उनीहरुको भनाई छ । यो पटक कृषि विकास मन्त्रालयले गर्न लागेको सरुवाबाट धेरै कर्मचारीहरु सन्तुष्ट हुन सक्ने देखिएको छैन । कर्मचारीहरुको हित र प्रक्रियालाई भन्दा पनि व्यक्तिगत स्वार्थ र राजनीतिक आस्थाका आधारमा सरुवालाई महत्व दिएको कर्मचारीहरुको भनाई रहेको छ । सरुवाका लागि कर्मचारीको बर्षभरीको कार्य क्षमतालाई समेत केही आधार बनाएर नियमअनुरुप गर्नु पर्ने भएपछि त्यसो नभएको आरोप लाग्न थालेको छ ।

आरोप लगाउनेहरु भन्छन् सरुवा लिष्ट मन्त्रीको सचिवालयबाट सम्पन्न हुने गरेको छ । यहि नियतिले अगाडि बढ्ने प्रयास यदि गरियो भने कृषि विकास मन्त्रालय उाधोगतितिर लाग्ने संकेत देखिएको छ ।

## महानिर्देशकका कारण मन्त्री विवादमा



काठमाण्डौ । निजामती सेवामा प्रवेश गरेका पाँच बर्ष नपुग्दै वातावरण विभाग र कृषि विभागको महानिर्देशक सम्हाल्न सफल भएका भाग्यमानी महानिर्देशक डा. युवकध्वज जिसीका कारण कृषि मन्त्री हरिप्रसाद पराजुली समेत विवाद तानिएका छन् । भरतपुरको कृषि क्याम्पसमा पढाउँदा पढाउँदै छट्के सहसचिवमा करीव पाँच बर्ष अगाडि कृषिमा नियुक्त भएका जिसीलाई वातावरण विभागमा महानिर्देशक हुँदाहुँदै कट्टर राजनीतिक कार्यकर्ता भएकै कारण आफूलाई काम गर्न सहज हुने सोचका कारण कृषि विभागमा ल्याएका थिए । तर मन्त्रीको सोच अनुरुपम काम नभएपछि मन्त्री आफै पछुताउन थालेका छन् । कृषि विभागको भन्सारका रुपमा चिनिएको क्वारेण्टाइनहरु तथा अन्य राम्रा ठाउँमा सरुवाका लागि जिसीको सक्रियता बढेको र यसमा आर्थिक चलखेल भएको कृषि विभाग स्रोतले बताएको छ । स्रोतका अनुसार कुनै प्रा.स.ले प्रक्रियागत रुपमा नभै आफूले चाहेको ठाउँमा पेज ७ मा

## कृषि सडकको रकम दुरुपयोग

काठमाडौं । कृषि क्षेत्रको व्यवसायिकरणका लागि राज्यले महत्वपूर्ण भूमिका खेलिरहेका बेला बजारीकरणका लागि अत्यन्त आवश्यक मानिएको कृषि सडकको रकम दुरुपयोग हुँदा किसानहरु मर्कामा परेका छन् । किसानहरुले उत्पादन गरेको कृषि उपजहरुलाई बजारीकरण गर्न सहज होस् भन्ने हेतुले कृषि सडकका लागि छुट्याईएको करोडौं रुपैयाँ हिनामिना भएको छ ।

गत आर्थिक बर्षमा कृषि सडकका नाममा विनियोजित बजेट अन्यत्र खर्च गरेर बजेट दुरुपयोग गरिएको देखिएको छ । कृषि सडक निर्माण स्थानीय विकास मन्त्रालय मातहत रहेको डोलिडारले गर्दै आईरहेको छ । डोलिडारले गरेको खर्च पारदर्शि नभएको र कृषि सडकको रकम अन्यत्र खर्च गरिएको समेत भेटिएको छ । डोलिडार भित्रको आर्थिक अनियमितताका कारण स्थानीय विकास मन्त्रालय मातहतको यो आयोजनाले वदनाम कमाउँदै गईरहेको छ । कृषि सडकको रकम दुरुपयोग गरिएको



विषयमा डोलिडारका प्रमुख जीवनराम श्रेष्ठसँग कुरा गर्ने कृषि साप्ताहिकको प्रयास असफल भएको छ । यस बिषयमा कुराकानी गर्नका लागि डोलिडार प्रमुख सम्पर्कमा रहन चाहेनन् । कृषि सडकका नाम छुट्याएको बजेट दुरुपयोग हुनुमा डोलिडार प्रमुखको समेत संलग्नत रहेको त्यही भित्रका कर्मचारीहरुले बताउन थालेका छन् ।

## सबैको मुखमा प्याक्ट ?

कमला नेपाल

काठमाडौं । नेपाली कृषि क्षेत्रको विकासका लागि नेपाल सरकारले नै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । त्यत्तिमात्र नभई कृषि क्षेत्रको मूल्य श्रृखला बढाउन होस् वा किसानका खेतमा सिंचाई सुविधा पुऱ्याउन विभिन्न आयोजनाहरुले अनुदान सहयोग उपलब्ध गराउँदै आईरहेका छन् । कृषि विकास मन्त्रालय र कृषि विभाग मातहत रहेर करीव एक दर्जन भन्दा बढी कृषि क्षेत्रमा सहयोग गर्ने आयोजनाहरु सञ्चालनमा भएको भएपनि मन्त्री, सांसददेखि व्यवसायीहरुको मुखमा समेत व्यवसायिक कृषि तथा व्यापार आयोजना अर्थात प्याक्टको नाम कण्ठस्थ छ ।

जुनसुकै जिल्लाका नेताहरु हुने वा ठूला कृषि व्यवसायिहरु सवैले कृषि विकासको क्षेत्रमा प्याक्टको नाम बाहेक अरुको उच्चारण समेत गर्न सक्दैनन् । प्याक्ट सरहका अन्य आयोजनाहरु सञ्चालनमा भएको भएपनि प्याक्ट आयोजना विकेन्द्रिकृत, पारदर्शिता र जवाफदेहि एवं सम्पूर्ण अधिकार क्षेत्रीय कार्यालयहरुसँग भएकाले त्यस्तो भएको आयोजना निकट स्रोत बताउँछ । तर अन्य ठूला ठूला कृषिका आयोजनाहरु सञ्चालनमा आईरहेको भएपनि प्याक्ट कै बढी चर्चा हुनुको रहस्य के हो अझै खोजीको विषय बनेको छ ।

आयोजना स्रोत भन्छ जनताको पहुँचमा व्यवसायिक कृषि तथा व्यापार आयोजना पुग्न सफल भएको छ। जसका कारण विश्व वैंकलेसमेत २५ जिल्लाबाट आयोजनालाई ७५ जिल्लामा पुऱ्याएका कारण पनि प्याक्टका विषयमा धेरै जानकार छन् त्यसैले पनि प्याटको कुरा गर्नु स्वभाविकै हो । धेरै ग्रामिण भेगसम्म प्याक्टको सहयोग भएकाले किसानले प्याक्टको नाम लिएको हुनु पर्दछ आयोजना स्रोत भन्छ ।

माटोको लागि उर्वराशक्ति
Bio COMP
Biocomp Nepal

# बजारमा हानिकारक माछा प्रशस्त

गतबर्ष कुखुरामा बर्डफ्लुको चर्चा र आतंकसँगै आम उपभोक्ताहरुले आफ्नो मांसाहारी बानीलाई परिवर्तन ल्याउन सकेनन् त्यसको स्वरुप फेरे । काठमाडौंमा कमैमात्रा प्रयोगमा आउने माछा प्रति उपभोक्ताहरुको रुचि बढ्यो । यसैका कारण काठमाडौं उपत्यका भित्र माछाको माग बढ्दै गयो । माछाको माग बढ्दै गएका कारण नेपालमा उत्पादित माछाको खपतले उपभोक्ताको माग पूरा गराउन नसकेपछि छिमेकी राष्ट्र भारतबाट सहज रुपमा माछा भित्रन थाले ।

व्यवसायीहरुले माछा भित्र्याउने क्रमसँगैसँगै मुलुकभर माछा उत्पादन गर्ने किसानहरुको संख्या पनि नबढेको भने होइन तर त्यसले भारतबाट आयात हुने माछासँग प्रतिष्पर्धा हुन नसक्ने हो कि भन्ने आशंका पनि पैदा भयो । भारतबाट आयात गर्ने माछाहरु जति धेरै बिक्री भईरहेका छन् त्यसलाई स्वास्थ्यका दृष्टिकोणले कसैले पनि हेरेको देखिँदैन । खाद्य प्रविधि गुण नियन्त्रण विभागले अन्य खाद्य पदार्थको अनुगमन गर्दै गरेको भएपनि माछाको गुणस्तर कस्तो छ भन्ने कुरा खासै चासो नदिएको हो कि भन्ने तर्क एकातिर छ भने अर्कोतिर नेपालमा नै उत्पादन भएका र पछिल्लो समयमा उपभोक्ताहरुले मन पराएका जीउँदा माछा व्यवसायीहरु भने स्वदेशी माछा व्यवसायीहरुलाई प्रशासनले बजारीकरणका लागि झमेला गरिरहेको बताउँछन् ।

काठमाडौं उपत्यकामा माछा व्यवसाय गरिरहेका व्यवसायीहरुलाई नै उदृत गर्ने हो भने पनि अहिले बजारमा बेच्न राखिएका माछाहरु मानव स्वास्थ्यका लागि हानिकारक भएकोले जीउँदो माछा प्रयोग गर्नु बढी उत्तम देखिन्छ । तर जीउँदो माछाका लागि उपभोक्ताहरुले सहज रुपमा पाउन सक्ने अवस्था देखिएको छैन । जे जस्तो माछा उपभोक्ताहरुले पाएका छन् ती माछाहरु नै सर्वोत्कृष्ट मान्ने अवस्था देखिएको छ । यद्यपी व्यवसायिक रुपमा माछापोखरीबाट मारेर ल्याएका बजारमा बेच्न राखिएका माछा आन्ध्र प्रदेश र बंगाल खाडीबाट बढी आउने गरेको देखिन्छ । ती माछाहरुलाई ताजा देखाउनका लागि र झिँगा नभन्कियोस् भन्ने सोचले मृत व्यक्तिमा प्रयोग गरिने फर्मालिन बिषादी प्रयोग हुने गरेकोले पनि त्यस्ता माछाहरु मानव स्वास्थ्यका लागि हानिकारक भएको स्वयं व्यापारीहरुले नै बताउँछन् । फर्मालिन बिषादी प्रयोग गरि बेच्न राखिएका माछा स्वास्थ्यका लागि अत्यन्तै हानिकारक भएकाले सम्वन्धित निकायले यसप्रति सजग हुनु आवश्यक छ । ■

## आफनै सचना

*नेपालको पहिलो कृषि साप्ताहिकेका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, अनामनगर**

**इमेल : sajnepal@gmail.com**

**web: www.krishionline.com**

# किसानप्रति संवेदनशील हुनु पर्दछ पत्रकारिता

**शैल शाह**

आम जनमानसमा सूचना दिने वा पु¥याउने र जनतालाईसचेत गराउने ठूलो अभिभारा बोकेको पत्रकारिता क्षेत्र भित्तेपत्रिकादेखि आजको एक्काईसौं शताब्दीमा आएर विद्युतीय सञ्चार माध्यमहरुले गर्दा सूचना प्रत्येक व्यक्तिको हातसम्म पुगेको छ । शहरी सुविधा सम्पन्न ठाउदेखि ग्रामिण भेगसम्मका जनताले चाहेको समयमा तुरुन्तै विश्वका खबरहरु हेर्न र पढ्न पाइरहेका छन् । एक्काईसौ शताब्दीमा आएर सूचना पाउनबाट बञ्चित हुने अवस्था सायद विरलै होलान । किन भने पत्रपत्रिका, रेडियो, एफएम, टेलिभिजनका साथै प्रत्येकको हात(हातमा ईन्टरनेट सुविधा भएको मोबाईल छ जसले गर्दा विश्वका सूचना मात्रै होईन सिंङ्गै विश्वलाई नै सानो बनाई सकेको अवस्था छ ।

स्वास्थ्य, पर्यटन, वातावरण, आर्थिक, राजनीति, कृषि, शिक्षा लगायत विभिन्न क्षेत्रमा विषयगत पत्रकारिता अहिले बढ्दै गईरहेको छ । यसरी विषयगत पत्रकारिताको विकास हुनु भनेको पत्रकारिता र राज्य दुबै क्षेत्रकालागि वा भनौ देश विकासका लागि यसले ठलो अहम भूमिका निर्वाह गरिरहेको छ ।

कुनै पनि देशको सबैभन्दा आवश्यक, अनिवार्य र देशविकासको मेरुदण्ड भएको एक मात्र कृषि क्षेत्र हो । तर खास गरेर नेपाल जस्तो विकासोन्मुख देशमा झन् कृषि क्षेत्र त तल्लो तहदेखि माथिल्लो तहसम्मको सबैको साझा विषय हुनु पर्ने थियो तर विडम्बना त्यस्तो हुन सकिरहेको छैन । त्यसो हुन नसक्नुमा पनि विभिन्न कारणहरु छन् ती मुख्य कारणहरु मध्यमा सबैभन्दा ठूलो र मुख्य कारण भनेको कृषि पत्रकारिताको सकृयता नहुनु । देश विकास र जीवहरुलाई अनिवार्य आवश्यक भएको कृषि क्षेत्रलाई राज्यले सधैं उपेक्षा गरेको पाईन्छ त्यसको कारण पनि कृषिका समाचार, सूचनाहरुको सञ्चार माध्यमले सम्प्रेषण गर्नुमा उदासिनता देखाउनु । तर विगतको अवस्था र वर्तमानको अवस्था हेर्ने हो भने कृषिका समाचारहरु केही थोरै भएपनि यदाकदा सम्प्रेषण भईरहेका छन् तर ती सम्प्रेषण भएका समाचार पनि आफैमा अपुष्ट र भ्रामिक सम्प्रेषण भई रहेका छन् । कृषि क्षेत्रसूग सम्बन्धित समाचार संकलन गर्दा, किसानका विषयमा वा स्थलगत समाचार संकलन र रिर्पोटिङ्ग गर्दा धेरै जसो समाचारहरु उद्देश्य रहित र भ्रामिक समाचार संकलन र संम्प्रेषण भएका देखिन्छन् ।

हामी नेपालको कृषिलाई निर्वाहमुखिबाट रुपान्तरण गरेर व्यवसायिक कृषितर्फ पु¥याउने आवश्यकताको नारा लगाई रहेका छौ । कृषिमा युवाशक्तिलाई परिचालन गर्ने विषयमा राज्य प्रयासरत देखिएको छ । विदेशीहरु पनि नेपालको कृषिलाई व्यवसायिक बनाउन सहयोग गरिरहेको अवस्थामा कतै हामी सञ्चारकर्मीहरु समाचार संकलन र सम्प्रेषण गर्न चुकेका त छैनौ भन्ने विषयतिर ध्यान दिनु आवश्यक देखिन्छ । कृषिका विषयमा सम्प्रेषण भएका धेरै जसो समाचारहरु एकतर्फी र युवाहरुलाई लोभ्याउने र भ्रममा पार्ने कार्य हामी सञ्चारकर्मीको कलमले गरिरहेको दखिन्छ ।

कृषि खेती गरिरहेका धेरै युवाहरुको गुनासो पनि यहि रहेको छ । समाचार माध्यमले गर्दा कृषि खेती गर्न हौंसिएका तर पछि पछुताउनु परेको भन्ने भनाई कृषि खेतीमा लागेका कैयौन युवाहरुको रहेको छ । यसको उदाहरण हाल गोकर्ण गाविस क्षेत्रमा तरकारी खेती गरिरहेका एक जना युवा विक्रम तामाङ्गले विद्युतिय सञ्चार र ठूला छापा माध्यमको भ्रामिक समाचारले गर्दा दुःख पाई रहेको बताउूछन् । जस्तै कृषिका समाचारमा फलानो व्यक्तिले छ महिनामा गोल भेंडा बेचेर दशलाख कमाए शिर्षक त लोभ्याउने हुनसक्छ र पाठकलाई पढ्न लोभ्याउन सक्छ तर समाचारको मूल सार के हो ? हामीले समाचार संकलन गर्दा सन्देश के दिन खोजेका छौं त्यो ध्यानमा दिएर समाचार संकलन गरेको देखिदैन जस्तो लाग्छ । छ महिनामा गोल भेंडा बेचेर फलानोले दश लाख त कमाए तर दश लाखका गोल भेंडा उत्पादन गर्दा त्यसकालागि लाग्ने लागत, परिश्रम र व्यवस्थाको विषयमा कुनै लेखाजोखा समाचारमा लेखिएको हुदैन । जसले गर्दा समाचार अपुष्ट र भ्रामिक भएको हुन्छ । कृषि क्षेत्रमा लाग्नेहरुका लागि समचार लेख्दा वा सम्प्रेषण गर्दा समाचारमा जुन विषयमा सम्प्रेषण गरिदैं छ त्यो विषयमा पूर्ण जानकारी जस्तै लागत, आवश्यक भूमि, श्रम र बजार लगायतको विषयमा पनि संक्षिप्तमा भएपनि उल्लेख गर्न सकियो भने त्यसले व्यवसाय गर्न चाहने व्यक्तिलाई सहज हुन सक्छ । भनाईको अर्थ ठूला छापा माध्यमहरुमा अधिकांश लोभ्याउने खालका शीर्षकले गर्दा कतिपय युवारले समाचार पढेकै वा देखेकै आधारमा कृषि व्यवसायमा होमिदा त्यसको परिणाम उनले सोचे जस्तो सकारात्मक नभएपछि भौंतारी रहेका हुन्छन् । यहानिर सञ्चारकर्मीहरुको विरोध गर्न खोजेको होइन तर समाचार सम्प्रेषण गरिदा र संकलन गरिदा समाचारको विषय र उद्देश्यलाई हामीले न्याय गर्नेतिर ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ ।

# कृषकका लागि जैविक सुरक्षा संबन्धी आवश्यक मार्ग चित्र र आर्थिक बचतका पक्ष

**डा. केदार कार्की**

बुंगुर पालेको ठाउँमा बथानमा संक्रमक रोगको प्रसार तथा एक ठाउँको बथानबाट अर्को ठाउँको बथानमा रोग प्रसार न्युनगरी बंगुरपालन व्यवसायमा रोग प्रदत जोखीम न्युनीकरण गर्ने गरी गरिने व्यवस्थापकीय व्यवहारीक व्यवस्थापनको अर्को नाम हो बंगुरपालनका जैविक सुरक्षा । आफुले पालेको बंगुरको उपयुक्त जैविक सुरक्षा व्यवस्था गर्नु भनेको व्यवसायको आपेक्षा गरिएको आम्दानी प्राप्त हुनेमा ढुक्क हुनु पनि हो ।

स्वाइन फिभर (बंगुरको हैजा) इन्जोटिक निमोनिया, प्लुरो निमोनिया, पि. आर. आर. एस., प्रोसाइन रेसपाइरेटोरी डिजिज रोगहरु हामीले पालेका बंगुरका लागि नियमित चुनौतिका रुपमा रहेका छन् । यीनका असरले विभिन्न उमेरका बंगुरमा हुने मृत्यु दर, बाँचेका रोग देखा परेका बथानका बाकी बचेका बथानमा पनि उपयुक्त शारीरिक तौल वृद्धिदर सन्तोष जनक नहुनुका साथै, बथानमा प्रजनन् क्षमताको लाखौंको आम्दानीबाट प्रत्यक्ष विमुख हुन पर्ने हुन्छ । यस बाहेक रोग देखिदा, फैलिदा, आपतकालीन खोपको व्यवस्थापनको खर्च, औषधि उपचारमा लाग्ने खर्चले बंगुर पालक कृषकलाई थप व्यय भार बढाउँछ पनि ।

बंगुर पालन गरेको ठाउँमा उचित जैविक सुरक्षाको व्यवस्था गर्नु भनेको बंगुरलाई लाग्न सक्ने स्थानीय स्तरमा स्थापित रोग तथा अन्यत्रबाट भित्रन सक्ने, माहामारी जन्य, सरुवा तथा संक्रमक रोगबाट बचाउन सुरक्षात्मक उपाय पनि मानिन्छ । बंगुरको खोर गोठमा कुनै नौलो अन्यत्रबाट सरी आएको रोग निर्मुल पार्न, रोकथाम गर्न, उपचार गर्न, खर्चिलो मात्र हुदैन बरु त्यस्ता रोगले अझ बंगुरपालन व्यवसायमा गम्भिर असर पार्न सक्छ । अझ अन्तराट्रिय बजारमा हाम्रा आफ्ना बंगुरबाट उत्पादित मासु, तथा मासु जन्य परिकार स्थापित गराउन चाहने हो भने हाम्रा बंगुरमा केहि प्रचलित सरुवा तथा संक्रमक रोगहरुको अवस्थिती नरहेको प्रमाणित गर्नु पर्ने हुन्छ । त्यसको भरपर्दो अधार भनेको हाम्रा बंगुर पालन क्षेत्रमा अन्तराष्ट्रिय स्तरमा स्थापित मापदण्ड अनुशारको जैविक सुरक्षा प्रणाली अवलम्बन गरेको छौं कि छैनौं मा भर पर्दछ । उपयुक्त जैविक सुरक्षा प्रणाली बंगुर पालन क्षेत्र तथा फर्म अवलम्बन गर्नाले सरुवा तथा संक्रमक रोगलाई एउटा खोरबाट अर्को खोरमा सर्न वा एउटा फर्मबाट अर्को फार्ममा सर्नबाट निषेध गर्छ ।

***बंगुरको बथानमा रोग कसरी सर्छ ? :*** बंगुरहरुमा सरुवा रोग, बंगुरहरु एक आपसमा सम्पर्क हुदा, लुकिचोरी ओसार पसार गर्दा, प्रदुषित रोगी बंगुरका मासु तथा मासु जन्य उत्पादन जथाभावी फ्याक्दा, बंगुर गोठमा काम गर्ने कामदारले प्रयोग गरेका लुगा जुत्ता, बंगुर पालेको खोर गोठमा प्रयोग गरिएका, भाँडाकुडा, औषधि उपकरण, सवारी साधन, प्रदुषित दाना पानी, टोक्ने किरा फट्याङ्ग्रा, लामखुट्टे, उडुस, किर्ना, झिंगा, जंगली जनावर, कुकुर, बिरालाहरुले बंगुरमा एक अर्कालाई साथै एउटा फार्मबाट अर्को बंगुर फार्ममा सार्दा सरुवा तथा संक्रमक रोग सार्न मद्दत गर्छ ।

१. जैविक सुरक्षाका आधारभुत व्यवस्थापन होटल रेस्टुरेन्ट तथा भान्छाका रछयान । हाम्रो आफ्नो परिवेशमा जुनसुकै स्तरको घरायसी, अर्ध व्यवशायीक वा व्यवशायीक स्तरको बंगुरपालन होस तीन मुख्य आहाराको श्रोत छन् : तारे होटल, सडक किनारका होटल रेस्टुरेन्ट तथा नगरक्षेत्रमा थुप्रिएका घरायसी भान्छाबाट बटुलिएको रछयान नै रहेको छ, खास गरी शहरी तथा शहर उन्मुख क्षेत्रमा । यस्तो दाना खुवाएर बंगुर पाल्दा, बंगुरहरुमा, खोरेत, स्वाइन फिभर, इपिस्थ्रो जुनोसीस, इन्जुटिक निमोनिया, प्रोसाईन रेसपाइरेटोरी डिजिज, कम्प्लेक्स, हेमर हेजीक बोवेल सिन्डूम, अचानक मृत्यु हुने जस्ता रोग पटक पटक देखिने गर्दछ । यसकारण पनि कतिपय विकसित पश्चिमा मुलुकमा यस्ता दाना खुवाउन

*बांकी पृष्ठ ७ मा*

## पहिरोले कुलो बगाउँदा ५० रोपनी खेत सिँचाइबाट वञ्चित

पाल्पा । पाल्पा जिल्लाको कोलडाँडा गाउँ विकास समिति–८ मा रहेको कुलो पहिरोले बगाउँदा ५० रोपनी खेतमा सिँचाइ हुन सकेको छैन । झन्डै नौ घरपरिवारले खेती गर्दै आएको खेतमा पहिरोले कुलो बगाएपछि स्थानीय किसान धानबालीमा सिँचाइ गर्नबाट वञ्चित भएका छन् ।

कोलडाँडा गाविस–८ का ज्यामिरे र चड्खे खेतमा सिचाइ गर्ने कुलो पहिरोले बगाइदिएको स्थानीय किसान गणेश आलेले बताए । करिब तीन किलोमिटर लामो कुलोमध्ये झन्डै ५० मिटरखण्डमा कुलोमाथि ठूलाठूला ढुङ्गा खसेका कारण पहिरो पन्छाउन किसानलाई निकै सास्ती भएको छ । चार दिनसम्म दैनिक १२ जनाका दरले श्रमदान गर्दा पनि कुलो मर्मत गरी पानी सुचारु गराउन नसकिएको आलेले बताए ।

## वैदेशिक रोजगारी छाडेर व्यावसायिक तरकारीखेती

म्याग्दी । जिल्लाको हिस्तान–४ टिकोटका युवा कृषक धनकुमार गर्बुजाले वैदेशिक रोजगारी छाडेर व्यावसायिक तरकारीखेती सुरु गरेका छन् । रोजगारीको सिलसिलामा बहराइन, कतार र मलेसियामा १० वर्षभन्दा बढी समय बिताएका गर्बुजाले गत माघ महिनादेखि व्यावसायिक तरकारीखेती सुरु गरेका हुन ।

पहिलो मौसममा लगाएको आलुखेतीबाट रु एक लाख ३० हजार आम्दानी भएको गर्बुजाले बताए । अहिले १६ रोपनी जग्गामा बन्दा, काउली, गाजर, मुलालगायतका तरकारीखेती विस्तार गरेका कृषक गर्बुजाले लगनशील भएर लागेमा तरकारीखेतीबाटै मनग्य आम्दानी हुने बताए । "पहिले कृषिको महत्व बुझिएन, पैसा कमाउन विभिन्न मुलुक धाइयो, अब आफ्नै गाउँको खेतबारीमा मिहिनेत गर्ने सोच बनाएको छु", उनले भने । कृषिमा लगानीभन्दा बढी मिहिनेत लाग्ने भए पनि उत्पादन भएका उपजले सजिलैसाग बजार पाउने भएपछि कृषकहरू यसप्रति आकर्षित भएका छन् ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार, पछिल्लो समय जिल्लामा वैदेशिक रोजगारीबाट फर्किएर व्यावसायिक तरकारीखेती गर्ने कृषक बढेका छन् । व्यावसायिक कृषकलाई कार्यालयले प्राविधिकलगायत अन्य अनुदानमा कृषि उपकरणसमेत उपलब्ध गराउने गरेको वरिष्ठ कृषि विकास अधिकृत वसन्तकुमार श्रेष्ठले बताए ।

# विकासशील मुलुकमा स्तरोन्नति हुन नौ प्रतिशत आर्थिक वृद्धि हुनुपर्ने

काठमाडौं । सन् २०२२ सम्ममा मुलुकलाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्न नौ प्रतिशत आर्थिक वृद्धि आवश्यक पर्ने भएकाले त्यस निम्ति कृषि उत्पादन, सेवा र औद्योगिक क्षेत्रको द्रुत विकासमा जोड दिइएको छ । एसियाली विकास बैंक (एडिबी)का देशीय निर्देशक केनिची योकोयामाले पत्रकार सम्मेलनमा स्तरोन्नतिका तीन मापदण्डमध्ये दुईवटा पूरा हुनैपर्ने बताए ।

कुल प्रतिव्यक्ति आय, समाजिक विकास र आर्थिक वृद्धिदरमध्ये कुनै दुईवटा हासिल गर्नुपर्ने भएकाले नेपालका निम्ति निर्धारित लक्ष्य प्राप्त गर्नु निकै चुनौतिपूर्ण भएको बताउँदै उनले सामाजिक विकासको क्षेत्रमा भने नेपालले राम्रै प्रगति गरेको जानकारी दिए । समयमै संविधान जारी गरी राजनीतिक स्थायित्व कायम गर्ने र आर्थिक विकासका गतिविधि द्रुत गतिमा अघि बढाउनसके स्तरोन्नतिको लक्ष्य हासिल गर्न कठिन हुँदैन", उनले भने ।

सन् २०२२ सम्ममा विकासशील मुलुकको स्तरमा पुग्ने आधार तयार गर्न पूर्वाधारको क्षेत्रमा विशाल अभाव झेलिरहेको नेपालले पुँजीगत खर्चमा परिमाणात्मक एवम् गुणात्मक वृद्धि गर्नुपर्ने सुझाव दिँदै प्रतिवेदनमा समावेशी आर्थिक वृद्धिका निम्ति महत्वपूर्ण ठानिएको सामाजिक विकासका उद्देश्य प्राप्त गर्नुपर्ने चुनौती पनि नेपालका सामु टड्कारो रहेको बताए । बैंकले हालै जारी गरेको आर्थिक वर्ष २०७०/७१ को पछिल्लो विस्तृत आर्थिक अद्यावधिक प्रतिवेदनका विविध पक्षबारे जानकारी दिँदै उनले कृषि क्षेत्रको उत्पादत्व वृद्धिका निम्ति मलखाद र सिँचाइजस्ता आधारभूत सुविधाको उपलब्धता पनि सुनिश्चित हुनुपर्नेमा जोड दिए ।

भूमिगत सिँचाइका माध्यमबाट तराई क्षेत्रको उत्पादकत्व बढाउन सकिने विचार व्यक्त गर्दै उनले विद्युत् अभावका कारण त्यसो गर्न नसकिएको बताए । डिजेल प्रयोग गरेर सिँचाइका निम्ति पानी आपूर्ति गर्न ज्यादै कठिन हुने भन्दै उनले त्यसको आयातले पनि नेपालको भुक्तानी सन्तुलनमा प्रभाव पारेको बताए । भौतिक पूर्वाधारका साथै मानव संशाधनको अभावले पनि नेपालको आर्थिक उन्नयनमा प्रतिकूल प्रभाव पारेको तथ्य प्रस्तुत गर्दै निर्देशक योकोयामाले पुजीगत खर्चवृद्धिलाई पनि ध्यान दिनुपर्ने सुझाव दिए ।

बितेका छ वर्षको तुलनामा गत आवमा सेवा क्षेत्रबाट सबैभन्दा धेरै ६.१ प्रतिशत योगदान भएको र उक्त क्षेत्रको वृद्धि उल्लेख्य रूपमा चालु आर्थिक वर्षमा पनि भइरहेकाले गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रबाट हुननसकेको योगदान त्यसबाट सन्तुलन हुने अपेक्षा प्रतिवेदनले गरेको छ ।

# किसानले ल्याएका खसी बोका सडकबाट बिक्री

बनेपा । काभ्रेपलाञ्चोक जिल्लाका कृषकले उत्पादन गरेका खसी र बोकाको बनेपा बजारका सडक–सडकमा मोलमोलाइ गरेर बिक्री गर्न थालिएको छ । दसैंको पूर्वसन्ध्यामा यहाँको चारदोबाटो बजार, बसपार्क, चाादनी चोकलगायतका क्षेत्रमा छरिएर बसेका कृषकले प्रतिकिलो रु ४२५ का दरले जिउँदा खसी र बोकाको बिक्री गरेको जिल्लाको फुलबारी गाविसबाट आएका कृषक चेतबहादुर लामाले जानकारी दिए ।

लामाले भने– हामीले वर्षदिन लगाएर खसी बोका उत्पादन गर्छौं र यसैबाट दसैं मनाउनुका साथै घरखर्च चलाउछौं । कृषक लामाले गाउँबाट ल्याएका चारवटा खसीमध्ये तीनवटा बिक्री गरेर एकैदिन झन्डै रु ३२ हजार आम्दानी गरेको जानकारी दिँदै आफ्नो आम्दानीको स्रोत नै पशुपालन र कृषि भएको बताए । उनले जिल्लाको भकुण्डे, मेथिकोट, पाल्लेखेत, कात्तिके देउरालीलगायतका गाविसबाट ती खसीबोका आउने गरेको बताए । खसी बोका खरिद गर्न काठमाडौंबाट समेत उपभोक्ता आउने गरेको उनको भनाइ छ । बनेपा बजारको सडक–सडकमा राखिएका बोका र खसी खरिद गर्न उपभोक्ताको भीड लाग्ने गरेको छ । कृषकका अनुसार एउटा खसी वा बोकालाई रु चार हजारदेखि रु १५ हजारसम्म पर्ने गर्छ ।

बिक्री वितरण हुने खसी वा बोका केही उन्नत जातका भए पनि अधिकांश स्थानीय जातका रहेका छन् । जिल्ला पशु सेवा कार्यालय काभ्रेपलाञ्चोकका अनुसार पछिल्लो समय जिल्लामा बाख्रापालनतर्फ कृषकको आकर्षण बढेकाले दसैंको मुखमा यसको कारोबार बढी हुन थालेको छ । जिल्ला पशु सेवा कार्यालय काभ्रेपलाञ्चोकका पशु चिकित्सक मणि सापकोटाका अनुसार गत वर्षमात्रै दसैंमा झण्डै १० हजार खसी र बोका बेचिएको र रु ११ करोड २५ लाख बराबरको कारोबार भएको थियो । यस वर्ष दसैंमा १५ हजार खसीबोका बेचबिखनबाट झन्डै रु १६ करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको पशु चिकित्सक सापकोटाले जानकारी दिए ।

# सिँचाइका लागि साना आकारको सौर्य पम्प प्रणाली उपयोगी हुने

काठमाडौं । सिँचाइको अभावमा कृषि उत्पादन हुन नसकेका सुक्खा जमिनमा सौर्य पम्पबाट तलको पानीलाई माथि तानेर सिँचाइ गर्न सकिने भएकाले यस प्रविधिलाई प्रवर्द्धन गर्नुपर्नेमा सम्बन्धित विज्ञहरूले जोड दिएका छन् । तराईका क्षेत्रमा डिजेल पम्पको प्रयोग भए पनि डिजेलको मूल्य महँगो पर्ने र खोजेको समयमा पाउन पनि मुस्किल हुने भएकाले सुरुमा केही बढी लगानी भए पनि केही वर्षभित्र यसको लागत उठ्ने हुँदा सौर्य पम्प जडान गरी व्यावसायिक कृषिबाट राम्रो लाभ लिन सकिने उनिहरूको भनाइ रहेको छ । विनरक इन्टरनेसनलले संयुक्त राज्य अमेरिकी एजेन्सीको आर्थिक सहयोगमा सञ्चालित सौर्य पम्पको व्यवसायीकरणसम्बन्धी परियोजनाको औपचारिक सुभारम्भका अवसरमा आयोजित कार्यक्रममा सहभागी विज्ञहरूले सौर्य पम्पमा दातृ निकाय र सरकारले अनुदान वा अन्य सुविधा उपलब्ध गर्नसके डिजेल पम्पलाई प्रतिस्थापन गर्न सकिने धारणा व्यक्त गरे ।

कार्यक्रममा विनरक इन्टरनेसनलको अमेरिका प्रधान कार्यालयका विकास पाण्डेले भारतले डिजेल इन्धनबाट चल्ने पम्पहरूलाई विस्थापित गरी विद्युत्‌बाट चल्ने पम्पबाट सिँचाइ सुविधा विस्तार गरेर हरित कृषि क्रान्ति गर्न सफल भएको उल्लेख गर्दै नेपालमा पनि यो अभियान सञ्चालन गर्नुपर्ने खाँचो औंल्याए । विनरक इन्टरनेसनल/रेप्सो नेपालका निर्देशक विनोदप्रसाद श्रेष्ठले सो परियोजनामार्फत तीन वर्षभित्र २५० वटा सौर्य प्रणाली जडान गर्ने लक्ष्य रहेको जानकारी दिए । हाल मुलुकमा खानेपानी प्रयोजनका लागि ३०० भन्दा बढी सौर्य पम्प जडान गरेको छ भने सरकारले सिँचाइ प्रयोजनका लागि चालु आवमा २०० वटा सौर्य पम्प जडान गर्ने लक्ष्य लिएको छ । यसैबीच, विनरक इन्टरनेसनलको कार्यालय हाताभित्र जडान गरिएको दुईवटा सौर्य पम्प प्रणालीको उद्घाटन गरियो । प्रतिघण्टा एक हजार लिटर पानी पम्प गर्न सक्ने सो पम्प करिब रु एक लाख ५० हजार लागतमा जडान गरिएको हो । सो अवसरमा विभिन्न आकारका सौर्य पम्पहरूको प्रदर्शन गरिएको थियो ।

# किसानलाई रु २४ करोडको क्षतिपूर्ति दिलाउन प्रधानमन्त्रीसमक्ष माग

भीमदत्तनगर । विसं २०४५ मा भारतीय सीमावर्ती सहर वनवासाबाट एक थान आँपको बोटबाट नर्सरी सुरु गरेका पानसिंह धामी अहिले नर्सरीबाट वार्षिक रु चार लाख आम्दानी गरेका छन् । कञ्चनपुरको झलारी गाविस(२ जुडाका पानसिंह धामीले अहिले सयौ बोटबिरुवा पाइने नर्सरी चलाउँदै आएका छन् । उनले अहिले वार्षिक रु चार लाखसम्म आम्दानी भइरहेको बताए । धामी नर्सरी सञ्चालन गरिआई रहेका उनले आफ्नो व्यक्तिगत प्रयासमा गाउँमै १०० भन्दा बढी प्रजातिका बोटबिरुवा उत्पादन गरी बिक्री वितरण गर्दै आएका छन् । बर्खायाममा बिक्री गर्न चटारो नै हुन्छ," उनले भने –"मेरो विदेशको कमाई घरमै छ ।"

"विसं २०४५ मा वनवासाबाट १४ बोट आपको बिरुवा लिएर घर फर्किदै थिए," धामीले भने, "त्यतिबेला दुई देशबीचको नाकाबन्दीका कारण भारतीय प्रहरीले सबै बोट नाकामा ल्याउन दिएनन् ।" उनले १३ बोट किनेकै ठाउँमा फिर्ता गरी एउटा बोट लुकाएर ल्याएको बताए । अहिले उनको नर्सरीमा लोपोन्मुख प्रजातिका विभिन्न प्रकारका बोटबिरुवा सहजै पाइन्छन् । पौने दुई बिघा जमिनमा नर्सरी सञ्चालन गरेका धामीले सुदूरपश्चिमका सबै जिल्लामा आफूले उत्पादन गरेका बोटबिरुवा पठाउँछन् । "उत्पादन गरेका बिरुवा बेच्न घर छाड्नु पर्दैन," उनले भने –"किसान खरिद गर्न घरमै पुग्छन् । नर्सरीमा उनले छजना मजदुरलाई जागिरसमेत दिएका छन् । बेला बखत विभिन्न निकायले दिने नर्सरीसम्बन्धी तालिमसमेत लिँदै आएका ५९ वर्षीय धामी नर्सरीसम्बन्धी दखल भएका व्यक्तिका रुपमासमेत किसानमाझ परिचित हुन थालेका छन् । रु पाँच देखि ६०० सम्ममा बोटबिरुवा बिक्री गर्दै आएको उनि बताउँछन् ।

# गाईले नब्याउँदै दूध दियो

म्याग्दी । बेनीका किसानले पालेको एकवटा गाईले नब्याउँदै दूध दिने गरेको छ । मल्लाज माझफाट–३ वारी बेनीका किसान अम्बिका र खेमबहादुर गुरुङले पालेको साढे दुई वर्षको जर्सी गाईले नब्याउँदै दूध दिएको हो । गत वैशाख १९ गते दुई वर्ष पुगेको एकपटक पनि नब्याएको गाईले जेठको १४ गतेदेखि नियमित दूध दिइरहेको कृषक अम्बिका गुरुङले जानकारी दिए । कृषक गुरुङका अनुसार २०७० माघ ५ गते कृत्रिम गर्भाधान गराइएको उक्त गाई कात्तिकमा ब्याउनेछ ।

सुरुमा दैनिक सात लिटर दूध दिएको उक्त गाईले गर्भमा रहेको बाच्छो बढ्दै गएकाले अहिले दैनिक पाँच लिटरका दरले दूध दिइरहेको छ । "पहिलो बेत पनि नब्याउँदै कल्चौरा बढेर थुन पग्रिएपछि दुहुन थालेका हौ"–कृषक खेमबहादुरले भने –"यसअघि नब्याइकन दूध दिएको सुनेको पनि थिइना ।"जिल्ला पशु सेवा कार्यालयका पशु स्वास्थ्य प्राविधिक सुवास रेग्मीले अपवादका रूपमा यस्तो हुने गरेको भन्दै पछि उत्पादन हुनुपर्ने हर्मोन अघि नै उत्पादन भएकाले गाईले नब्याए पनि दूध दिएको बताए ।



माग बढ्दो : जोरपाटी नारायण टारमारहेको फलफूल पसलमा



अर्गानिक :काभ्रेको बनेपामा अर्गानिक तरकारी बिक्री गर्दै किसान ।

# तनेबोडी खेती गर्नका लागि प्रविधि



**परिचय :** तनेबोडी कोशेबाली समूहको लहरे तरकारी बाली हो। यसको कोशााको लम्वाई जात अनुसार ४०/८० से.मीसम्म हुन्छ। यो तनेबोडी तरकारी र सलादतको रुपमा समेत प्रयोग गरिन्छ। यसमा प्रोटिन र भिटामिन प्रशस्त मात्रामा पाइन्छ भने यसको खेतीले माटोको उर्वराशक्ति बढाउाछ।

**हावापानी** :





- तराईलदेखि उच्च पहाड क्षेत्रसम्म यसको खेती गर्न सकिन्छ।
- पहाडमा वर्षको दुईपटक र तराईमा चिसो महिना बाहेक बर्षैभरी खेती गर्न सकिन्छ।

**स्थान र उपयुक्त जातहरु :**

- खुमले तने,सर्लाही तने, काश्मिरी तने, चाइनिज ३२४,३१२,४२४ जातहरु उपयुक्त जातहरु हुन्।

**रोप्ने र बाली लिने समय :**

- मध्य पहाडमा साउन भाद्रमा रोपेर असोज कार्तिक मंसिर पहिलो बाली लिन सकिन्छ भने दोस्रो बालीका रुपमा फागुन चैत्रमा रोपेर वैशाख जेठ असारमा बाली लिन सकिन्छ।
- तराई तथा भित्रि मधेशमा फागुनमा रोपेर बैशाख, जेठमा बाली लिन सकिन्छ भने असार साउन, भाद्रसम्म रोपेर भाद्र, असोज, कार्तिकसम्म बाली लिन सकिन्छ। तर जान, स्थानीय हावापानी र प्रविधि अनुसार लगाउने र बाली लिने समय केही फरक हुन सक्छ।

**कस्तो माटोमा रोप्ने :**तनेबोडी



खेती गर्नका लागि प्रशस्त प्रांगारिक पदार्थ र ४.५ देखि ६.५ पि.एच मान भएको दोमट माटो बोडी खेतीका लागि उपयुक्त हुन्छ।

**जग्गाको तयारी :**

- गोठे वा कम्पोष्ट मल राखेर जमीनलाई ३ देखि ४ पटक खनजोत गरी झारपात हटाई समथर बनाउने।
- ड्याङ्ग कम्तिमा १ मिटर चौडाईको बनाउने र त्यसमा २ लाईन बीउ रोप्ने।

**कति बीउ चाहिन्छ त ?**

- प्रति रोपनी १ .५ देखि २ केजी प्रति र प्रति कट्ठा १ देखि १.३ केजी बीउ आवश्यक पर्दछ।

| मलखाद | प्रति रोपनी | प्रति कट्ठा | कहिले |
|---|---|---|---|
| कम्पोष्ट | १५०० केजी | १००० केजी | जमीन तयारी गर्दा |
| डिएपी | ५ केजी | ३.३ केजी | जमीन तयारी गर्दा |
| पोटास | ४ केजी | २.६ केजी | जमीन तयारी गर्दा |

**राइजोवियम इनोकुलेसन :**

- विगत २ बर्षदेखि कुनै पनि कोसेबाली नलगाएको जमीनमा बीउको इनोकुलेसन गर्न जरुरी हुन्छ।
- बाली लगाउने समयमा बोडीको बीउमा नाइट्रोजन फिक्सिङ्ग व्याक्टेरिया मिसाउने।

**मलखाद :** रासायनिक मलको परिणाम माटोको उर्वराशक्ति , अघिल्लो बाली, कम्पोष्ट मलको परिणाम र बालीको जातमा भरपर्दछ। आवश्यकता अनुसार झोल तथा सूक्ष्मतत्व प्रयोग गर्न सकिन्छ।

- सामान्यत : डिएपी ५ केजी प्रति रोपनी र ३.५ केजी प्रति कट्ठाको हिसावले जग्गा तयारी हाल्नु पर्ने हुन्छ।
- त्यस्तै कम्पोष्ट मल प्रति रोपनी १५०० केजी र प्रति कट्ठा १००० केजी जमीन तयारी गर्दा प्रयोग गर्नु पर्दछ।
- पोटास प्रति रोपनी ४ केजी र प्रति कट्ठा २.६ केजी जमीन तयार गर्दा नै प्रयोग गर्नु पर्दछ।

**बीउ रोप्ने दुरी :**

- लाइनदेखि लाइनवीचको दुरी १ मी र बोटदेखि बोटको दुरी २५ देखि ३० से.मी राख्ने।
- ड्याङ बीचको कुलोको चौडाई ३० से.मी. राख्ने।
- बीउलाई जमीनको सतहबाट ३ देखि ५ से.मीको गहिराईमा रोप्ने।

**थांक्रा दिने :**

तने बोडी लहरे बाली भएकाले यसबाट राम्रो उत्पादन लिन थाक्रा दिनु अति आवश्यक हुन्छ।

**गोडमेल :**

विरुवाको बृद्धि, विकासको लागि कम्तिमा दुईपटक गोडमेल गरी माटो खुकुलो बनाउने र झारपात हटाउने गर्नु पर्दछ।

**सिंचाई र निकास :**

विशेष गरी फूल फुल्ने र कोसा लाग्ने बेलामा हलका सिंचाई आवश्यक पर्दछ। विरुवाको फेदमा पानी जम्न नदिने उपाय अवलम्बन गर्नु पर्दछ।

**बाली संरक्षण :**

- कीरामा मुख्यत : लाही कीरा लाग्छ र यो कीराले विरुवाको पात र डााठबाट रस चुस्छ। पातमा कालो ढूसी जम्मा भएको देखिन्छ।
- यस्तै सूर्तिको पात खाने लाभ्रे पनि लाग्न सक्छ। लार्भाले कलिलो पात खान्छ भने बयस्क कीराले पात र डााठ खाई नोक्सान पुऱ्याउाछ ।
- यसलाई नियन्त्रण गर्न कीराको फुल र लार्भालाई नष्ट गर्ने, निमयुक्त बिषादी २ मि.लि.प्रति लिटर पानीमा घोलेर विरुवामा छर्ने वा सर्वो तेल १० मि.लि. प्रति लिटर पानीमा घोलेर छर्ने
- रोगमा मुख्यत : डाउनी मिल्ड्यु र सिन्दुरे रोग लाग्दछ ।
- रोगको नियन्त्रण गर्न सिफारिस गरिएको रोग निरोधक जातहरु लगाउने।
- भिष्टिन २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने।
- विरुवामा रोगको लक्षण देखिन थालेमा २.५ ग्राम म्यानकोजेव प्रति लिटर पानीमा घोलेर छर्ने।
- यस्तै २देखि ३ बर्षको फरकमा बाली चक्र अपनाउने।

बाली लिने बाली पाके पछि बोट पहेंलिन्छ। रोपेको ६० देखि ७० दिनमा बोडी टिप्न तयार हुन्छ। बोडी कलिलोमा नै टिप्ने। बोडी टिप्न थालेपछि हरेक ३देखि ४ दिनमा टिप्ने।


**उत्पादन :** तनेबोडी प्रति रोपनी २५० देखि ४०० केजी र प्रति कट्ठा १६५ देखि २६५ केजी हरियो बोडी उत्पादन हुन्छ।

---

# धान मरुवा (ब्लास्ट) रोग ( Pyricularia Oryzee)

**रोगको लक्षण :** यो रोग पात, काण्ड, अन्तराकाण्ड र छालाको





गर्धन वा घ्याटीमा आक्रमण गरेको पाईन्छ। संवेदनशील जातहरुमा थोप्लाहरुको आकार ठूला र गााठा खैरो रङ्गका हुन्छन् र रोगको प्रकोप बढी भएको खण्डमा एक अर्का थोप्लाहरु मिली ष्पुरै पात डढ्न जान्छ।यस रोगको आक्रमण बालाहरुमा तथा माथिल्ला आँखलाहरुसम्म पनि देख्न सकिन्छ।धानका बालाहरु छिप्पिदै गएपछि अवरोधकता पैदा हुदै जाने भएता पनि सुरुको धानको बालामा तथा घमूाटीमा औंठी आकारका खैरा अथवा खरानी रङ्गका घुमाउरा थोप्लाहरु देखा पर्दछन्। यस्ता बालाहरु ठाडा हुनुको सट्टा झुम्मिन्छन्।आचक्रमण ढिलो र थोरै भएमा धानका बालाहरु भाूचिन्छन्। रोकथाम एवं नियन्त्रण:

० बीउ उपचारका लागि वेभिष्टिन वा डेरोसाल वा बीम प्रतिकिलोको दुई ग्रामका दरले, बीउ उपचार गरी ब्याड राख्ने।

० बाला निस्कन ५/६ दिन अघाडी एक पटक र बाला निस्किसकेपछि एक पटक हिनोसान १.५ मिलिलिटर पानीमा मिसाई छर्ने।

० जैविक तरिकामा ट्राईकोर्डमा भिरीडी, चिटोमिया ग्लोबोसम जस्ता सूक्ष्म जीवाणुको प्रयोग गरी रोगको





नियन्त्रण गर्न सकिन्छ।

**धान :** खैरो थोप्लो रोग (Helminthosporium Oryzee)

**रोगको लक्षण :**

विशेष गरी पातमा देखिन्छ तर, आक्रमण धेरै भएमा धान छोप्ने भुस र फुलमा पनि लक्षणहरु देख्न सकिन्छ। पातमा बाटुला अर्थात अण्डाकार खराने रङ्गका थोप्लाहरु देखिन्छन् जुन अत्यन्तै साना हुन्छन्। बीचमा खैरो अथवा गाढा खरानी र बाहिर पट्टिबाट पहेंलो वा हल्का खरानी रङ्गले घेरीएको हुन्छ। यस रोगबाट तीन किसिमका नोक्सानी भएको पाईन्छ।

**पहिलो :** रोगले आक्रमण गरेका धानका बीउहरुले उम्रने शक्ति नष्ट हुन्छ।

दोस्रो : पातमा आक्रमण हुने हुनाले बिरुवाको प्रकाश विश्लेशण गर्ने क्षेत्र कम हुन्छ ।

तेस्रो : रोगको आक्रमणले बिरुवाको अवस्था कमजोर हुनगई बिरुवा ठिङ्गरिने, दाना कम लाग्ने तथा दानाको गुणस्तर कम हुन्छ।

रोकथाम एवं नियन्त्रण :

० रोगी डाूठ, पात र ठुटाहरु तथा धान खेत वरिपरि वा भित्र एकै परिवारका झारहरु हटाउन र नष्ट गर्ने।

० घुम्ती बाली पद्धति अपनाउने।

० वेभिष्टिन वा डेरोसाल ३ ग्राम प्रतिकिलोग्राम बीउका दरमा उपचार गरेर ब्याड राख्ने।

० खेतमा यो रोग देखा पेमा रोगी बोटहरु उखेले र फाल्ने र माथि उल्लेखित विषदी २ ग्राम प्रतिलिटर पानीमा मिलाई छर्ने।

# लघु अनुदानका लागि एउटै जिल्लाबाट ४१५ आवेदन

काठमाडौं । सबैभन्दा बढी आवेदन मध्यमाञ्चलबाट व्यवसायिक कृषि तथा व्यापार आयोजनाले आ.व.२०७०/०७१ मा नमुनाका रुपमा लागु गरेको लघु अनुदान कार्यक्रमका लागि नुवाकोट जिल्लाबाट मात्र ४ सय १५ आवेदन परेका छन् । मध्यमाञ्चलका ४ जिल्लाहरुबाट भने ९ सय ३२ आवेदन परेका छन् । लघु अनुदान कार्यक्रम सबै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपालका २५ जिल्लाहरुमा लागु गरिएको हो ।

उक्त अनुदानका लागि २५ जिल्लाहरुबाट कूल ३ हजार २ सय ७७ आवेदन परेको आयोजना निर्देशक योगेन्द्रकुमार कार्कीले बताउनुभयो । " यसै आर्थिक वर्षदेखि नमुनाका रुपमा लघु अनुदान लागु गरिएको हो, यसबाट १ लाख मानिस प्रत्यक्षरुपमा लाभान्वित हुने आशा गरिएको छ", आयोजना निर्देशक कार्कीले भन्नुभयो । लघु अनुदान प्रदान गर्नका लागि सम्बन्धित क्षेत्रका आयोजना कार्यान्वयन सहयोग समूह (प्रिस्ट)(Project Implementation Support Team(PRIST)) का कार्यालयहरुले असार , साउन र भदौको ११ गतेसम्म गरी दुई महिनाको अवधि तोकी सार्वजनिक सञ्चारमाध्यममार्फत सूचना प्रकाशित गरेका थिए । सोही सूचनाका आधारमा ३ हजार २ सय ७७ आवेदन परेका हुन् । क्षेत्रगत रुपमा पूर्वाञ्चल विकास क्षेत्रबाट ६ सय ६५ ,मध्यमाञ्चल विकास क्षेत्रबाट ९ सय ३२, पश्चिमाञ्चल विकास क्षेत्रबाट ६ सय २७ , मध्य पश्चिमाञ्चल विकास क्षेत्रबाट ७ सय ३६ तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रबाट ३ सय १७ आवेदन परेका छन् ।

लघु अनुदान कार्यक्रम पूर्वाञ्चलमा इलाम, संखुवासभा,भोजपुर,खोटाङ, सोलुखुम्बु र ओखलढुंगामा मध्यमाञ्चलको दोलखा, रसुवा, सिन्धुपाल्चोक, र नुवाकोट, पश्चिमाञ्चालको बाग्लुङ, गोर्खा, गुल्मी, स्याग्दी र पर्वत, मध्यपश्चिमाञ्चलको जुम्ला कालीकोट, जाजारकोट, रोल्पा, रुकुम र सल्यान र सुदूरपश्चिमाञ्चलको दार्चुला, बैतडी डडेलधुरा र डोटीमा सञ्चालन गरिएको छ । यी जिल्लाहरुका जिल्ला कृषि विकास समितिले छनोट गरेका ५ वटा कृषि तथा पशुजन्य उपजहरुका लागि आवेदन माग गरिएको थियो । सोमध्ये कृषिजन्य उपज ३ र पशुजन्य उपज दुई रहेका छन् ।

**विकेन्द्रीकृत हुँदै आयोजना :** आयोजनाले आफूले प्रदान गर्ने पूरक अनुदानलाई अझ बढी सरल पार्न लघु अनुदानका लागि हाल प्राप्त भएका प्रस्तावहरुको सम्बन्धित जिल्लाहरुमै मुल्यांकन गर्ने व्यवस्था गरेको छ । मुल्यांकनपछि तिनीहरुको सम्बन्धित क्षेत्रीय कृषि/पशुसेवा निर्देशनालय तथा प्रिस्ट कार्यालयले स्थलगत प्रमाणीकरणको कार्य गर्नेछन् । त्यसपछि जिल्लास्थित जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशुसेवा कार्यालयबाट सेवाग्राहीसांग सम्झौता हुनेछ । सम्झौतापछि सेवाग्राहीलाई भुक्तानीको प्रक्रियाका लागि जिल्लास्थित सम्बन्धित कार्यालयले शिफारिस गर्नेछ भने सोही शिफारिसका आधारमा प्रिस्टले सेवाग्राहीको खातामा रकम उपलब्ध गराउने छ । **सेवाग्राहीलाई भुक्तानीका लागि प्रिस्टहरुलाई निम्न अनुसार बजेट विनियोजन गरिएको छ :**

*१. प्रिस्ट कार्यालय, विराटनगर :* रु.४ करोड १९ लाख २६ हजार
२.प्रिस्ट कार्यालय, हरिहरभवन : रु.४ करोड ८ लाख २२ हजार
३.प्रिस्ट कार्यालय, पोखरा : रु.३ करोड ९६ लाख ६ हजार
४.प्रिस्ट कार्यालय, सुर्खेत : रु ३ करोड ५४ लाख ४९ हजार
५.प्रिस्ट कार्यालय, दिपायलः रु २ करोड ६६ लाख १६ हजार

जम्मा : रु १८ करोड ८४ लाख ३ हजार व्यवसायिक कृषि तथा व्यापार आयोजना, नेपाल सरकारले विश्वबैंकको सहयोगमा सन् २००९ देखि ६ वर्षका लागि कार्यान्वयनमा ल्याएको हो । सुरुमा पूर्वाञ्चलबाहेक ४ विकास क्षेत्रका तराइका १५ र पहाडका १० गरी २५ जिल्लामा लागु गरिएको आयोजना सन् २०१२ मा विश्व बैंकले मध्यावधि मुल्यांकनमार्फत सहयोग रकम थप गर्ने निर्णय गरेपछि आयोजनाको कार्यक्षेत्र विस्तार गरी देशभर लागु गरिएको हो । त्यसैगरी आयोजनाको अवधि पनि बढाइ सन् २०१८ सम्म पुर्याइएको छ । आयोजनाले १० हजार अमेरिकी डलरदेखि एक लाख अमेरिकी डलर बराबरको नेपाली रुपैयाा पूरक अनुदान सेवाग्राहीलाई उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्ने गरेको छ । १० हजार डलर बराबरको पूरक अनुदान सहयोग लघु अनुदानमा र बाांकी दुई किसिमका अनुदान साना तथा मझौला अनुदानमा वर्गीकृत गरिएको छ ।

आयोजनाले राष्ट्रिय आयोजना निर्देशन समितिले तोकेका कृषि उपजहरुको मुल्यशृंखलामा आवद्ध कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीको प्रतिष्पर्धात्मक क्षमता वृद्धि गर्ने लक्ष्य राखेको छ । आयोजनाले लघु अनुदान कार्यक्रमअन्तर्गत कृषक समूह,सहकारी संस्था र लघु कृषि उद्यमीहरूलाई प्रदान गर्न लागेको पूरक अनुदानलाई बढी पारदर्शी बनाउन कार्यक्रमलाई विकेन्द्रित गरेको छ ।

आयोजनाले तयारी स्वरुप पाँचै विकास क्षेत्रमा प्रिस्टको कार्यालय स्थापना गरी उक्त कार्यालयमार्फत नै अनुदान रकम प्रदान गर्ने अधिकार प्रत्यायोजन गर्ने कार्य समेत सुरु गरेको छ । आवदेकले पेश गरेका प्रस्तावहरुको मूल्यांकन, अनुगमन सम्बन्धी कार्यहरू जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यलयमार्फत हुने व्यवस्था गरिएको छ । सबै प्रस्तावको जिल्लास्थित कृषि विकास कार्यालय तथा पशुसेवा कार्यालयलमै मुल्यांकन गर्ने व्यवस्था मिलाई विकेन्द्रीकरणलाई प्रवर्द्धन गरिएको छ ।

# मौरीपालक किसानलाई आठ सय घार वितरण

जाजरकोट । मौरीपालनको पकेट क्षेत्र मानिएको जाजरकोटको डाांडागाउमा मौरी घार वितरण गरिएको छ । परम्परागत घार प्रयोग गर्दा मह उत्पादनमा समस्या झेल्दै आएका डाँडागाउँ गाविस वडा नं १ र २ का स्थानीयवासी नयाा प्राविधिसहितको मौरी घार पाएपछि मौरीपालन व्यवसाय फस्टाउने बताउँछन् ।

बढी मौरीपालन गर्ने अति गरिब घरपरिवार छनोट गरी यहाँका २०० घरधुरीलाई ८०० आधुनिक घार वितरण गरिएको हो । बहुसरोकारवाला वन कार्यक्रमको लगभग रु २६ लाख लगानीमा साझेदार संस्था पहाडी क्षेत्र विकास अभियानले डाँडागाउँ गाविसको वडा नं १, २ र ३ मा वितरण गरिएको अभियानका प्रदीपजङ्ग शाहले बताए ।

यी दुई वडामा जिल्लाकै सबैभन्दा बढी मह उत्पादन हुने गर्दछ । धेरै मौरी भए पनि परम्परागत घारको प्रयोगले गर्दा मह उत्पादनमा समस्या भएपछि किसान मर्कामा पर्दै आएका थिए । आधुनिक घारको अभावमा पीडित बनेका स्थानीयवासीले अब आधुनिक मौरीघार पाएसाँगै अफ्नो मह उत्पादन बढ्ने र आयआर्जन राम्रो हुने आशा लिएको सेते बुढाले बताए । घार किन्ने पैसा नभएका कारण मौरीपालन नगरेका किसानले अब मौरीपालन गर्ने बताएका छन् । कल्पत गाउँमा सबैभन्दा बढी चिउरी पाइने भएका कारण मह उत्पादन राम्रो हुने गरेको छ ।

गत वर्षमात्र यी वडामा १३ टन मह उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयका सरोज रावतले बताए । परम्परागत घारमा वर्षभरिमा आठ केजी र आधुनिक घारमा न्यूनतम रूपमा २२ केजीभन्दा बढी मह उत्पादन गरिँदै आएको एकीकृत विकास समाज नेपाल, बहुसरोकारवाला वनका उद्यम विकास विज्ञ कृष्णराज कार्कीले जानकारी दिए ।

# लाखौंको ट्राउटको क्षति

काठमाडौं । उपत्यकाको नजिकै रहेको ट्राउट माछाको मुख्य केन्द्रविन्दु समेत मानिएको नुवाकोटको ककनीस्थिति पासाङ्ग ल्हामु मार्गमा रहेको जापानी ट्राउट माछा फार्ममा पहिरो जाँदा लाखौं रुपैयाा बराबरको माछा नष्ट भएको छ । शुक्रबार दिउँसो आएको पहिरोबाट ट्राउट माछा नष्ट भएको जनाइएको छ ।

# अबको अभियान भनेको प्राङ्गारिक कृषि क्रान्ति

पर्वत । अखिल नेपाल किसान महासङ्घले अब कृषि क्षेत्रमा प्राङ्गारिक खेतीको क्रान्ति सुरु गरेको छ । नेकपा(एमाले)को भ्रातृसंस्था अखिल नेपाल किसान महासङ्घका कार्यबाहक अध्यक्ष केशवलाल श्रेष्ठले प्राङ्गारिक खेती अपनाएर मुलुकको अर्थतन्त्र मजबुत बनाउन आठ वर्षे कार्ययोजनासहित प्राङ्गारिक कृषि क्रान्ति अभियान सुरु भएको जानकारी दिए । किसान महासङ्घको अञ्चल बैठकका क्रममा पर्वतमा पार्टी र किसान महासङ्घका प्रतिनिधिसाग कुरा गर्दै कार्यबाहक अध्यक्ष श्रेष्ठले केही वर्षअघिसम्म कृषिजन्य पदार्थ निर्यात गर्ने नेपालमा अत्यधिक रासायनिक मल प्रयोगबाट उत्पादकत्व घटेका कारण प्राङ्गारिक खेतीमा जोड दिनुपरेको बताए ।

यसका लागि पााचवटा प्याकेज निर्माण गरेर अघि बढेको पनि उनले बताए । अभियानअन्तर्गत प्राङ्गारिक कृषिको फार्म, कलेज र विश्वविद्यालयसमेत स्थापना गर्ने, रासायनिक मललाई विस्थापित गर्न जैविक मलको कारखाना नै खोल्ने योजना बनाइएको छ । ३७ लाख मेट्रिकटन प्राङ्गारिक मल उत्पादन गर्ने लक्ष्य लिइएको उहाांले जानकारी दिए । यसबाहेक किसानको सहभागितामा जलविद्युत् उत्पादन गर्ने तथा ज्येष्ठ नागरिक आश्रम स्थापना गर्ने पनि कार्यबाहक अध्यक्ष श्रेष्ठले बताए । यो अभियान सम्पन्न गर्न कृषि सहकारी स्थापना भइरहेको पनि उहाांले जानकारी दिए । किसान महासङ्घले देशव्यापी रूपमा सङ्गठन सुदृढीकरण अभियान थालेको छ भने जिल्ला तहका सबै अधिवेशन सकेर मङ्सिरमा चितवनमा महासम्मेलन गर्ने भएको छ । सोही अवसरमा एमाले पर्वतका कार्यबाहक अध्यक्ष राजुप्रसाद पौडेलले किसान महासङ्घले कृषि क्रान्तिका लागि गरिरहेको अभियान उपलब्धिमूलक भएको बताउादै यसलाई परिणाममुखी बनाउनुपर्ने बताए ।

# अमेरिकाबाट फर्केर पशुपालनमा रमाउँदै

पथरी । वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या बढिरहेका बेला शनिश्चरेका दुई दाजुभाइ अमेरिकाको (पिआर) त्यागेर पशुपालन गरिरहेका छन् । चार वर्षसम्म अमेरिकाको वासिङ्टन डिसीमा बसेर राम्रै रकम लिएर नेपाल आएका पथरी शनिश्चरे नगरपालिका वडा नं ५ का ज्ञानेन्द्र भित्रिकोटी र योगेन्द्रले मोरङको पथरी शनिश्चरे नगरपालिकामा गोठ बनाएर पशुपालन गरेका हुन् । उनीहरूले विदेशमा कुल्ली र लेबरकामबाहेक अरू नपाइएको गुनासो गरे । दुवै दाजुभाइले वासिङ्टन डिसीमा होटलमा प्लेट सफा गर्ने काम गर्दै आएका थिए । उनीहरूले भदौ पहिलो हप्तादेखि आफ्नै दुई बिघा जग्गामा ठूलो गोठ बनाएर पशुपालन गर्न थालेका हुन् । अहिले उनीहरूले हाँस, कुखुरा, बाखा र गाई पालेका छन् भने पोखरी बनाएर माछापालनसमेत गर्न थालेका छन् ।

भित्रिकोटीले अर्काको देशमा काम गर्नुभन्दा आफ्नै देशमा केही गरौं भनेर नेपाल फर्किएर पशुपालनमा लागेको बताए । उनीहरूले आफ्नो पशु फार्ममा २० वटा दुहुना गाई पालेका छन् । त्यहाँबाट उत्पादन हुने दूध पथरी बजारमा बिक्री हुने गरेको छ । उनीहरूले ल्याएको दुहुना गाईबाट उत्पादित दूधबाटमात्रै दैनिक रु १५ हजार आम्दानी गर्ने गरेको भित्रिकोटीले बताए । फार्ममा बङ्गुर र बादेलसमेत पाल्ने तयारी गरिँदैछ । विदेशमा काम गर्ने अवसर छ, पैसा छ तर नेपालमा जस्तो सामाजिक जीवन नभएको भित्रिकोटीको भनाइ छ । प्रविधि प्रयोग गरेर कृषिमा लागे त्यसबाट ठूलो आर्थिक उपार्जन गर्न सकिन्छ भन्ने शिक्षित बेरोजगार युवाको बीचमा भित्रिकोटी दाजुभाइ उदाहरणीय बनेको स्थानीय पारस पौडेलको भनाइ छ ।

# पशुजन्य उद्योगमा लगानी बढ्दै

अत्तरिया । पछिल्लो केही वर्षयता सदूरपश्चिममा पशुजन्य उद्योगमा लगानी बढ्दै गएको छ । पशुजन्य उद्योगबाट उत्पादित वस्तुले सहज रुपमा बजार पाउन थालेपछि लगानी बढ्दै गएको हो । क्षेत्रीय पशुसेवा निर्देशनालय दिपायलका अनुसार सुदूरपश्चिममा सरकारी क्षेत्रबाट पशुजन्य उद्योगमा रु २० करोड लगानी भएको छ । यस क्षेत्रका नौवटै जिल्लामा गत आर्थिक वर्षमा रु १९ करोड ९५ लाख लगानी भएको क्षेत्रीय पशुसेवा निर्देशनालय दिपायलका निर्देशक डा. डिकरदेव भट्टले बताए । सञ्चालित उद्योगहरूमा छ हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएको जनाइएको छ । यस क्षेत्रभर ४७ वटा डेरीमा रु पााच करोड २९ लाख ५० हजार, ३९२ वटा मासु पसलमा रु तीन करोड ७२ लाख ५५ हजार र कुखुरा फार्ममा रु तीन करोड ३८ लाख ३२ हजार लगानी भएको निर्देशनालयले जनाएको छ ।

यसैगरी ९६ वटा गाईभैसी फार्ममा रु एक करोड १७ लाख, बङ्गुर फार्ममा रु एक करोड ३३ लाख ३५ हजार, भेँडापालनमा रु ६० लाख र दाना उद्योगमा रु एक करोड ५० लाख लगानी भएको बताइएको छ । सुदूरपश्चिममा निजी क्षेत्रबाट पनि पशुजन्य उद्योगमा उल्लेख्य मात्रामा लगानी हुँदै आएको छ । यस क्षेत्रका पहाडी जिल्लामा भन्दा कैलाली र कञ्चनपुरमा बढी लगानी हुँदै आएको छ ।

# Role and responsibilities of Mass Media in disease outbreak and health promotion intervention



Dr.Kedar Karki

Donovan in 1990 identified the role of mass media as informing or educating people about the ill effects of various unhealthy practices. Reminding people of the ill effects of which they are already aware and maintaining the salience of this knowledge. Increasing people's motivations to adopt various healthy lifestyle practices, biosecurity measures either directly or indirectly by sensitizing or predisposing individuals to other contributory influences.

Providing self-help information on how to get help or how to help oneself. Providing social support by showing some evidence that society disapproves of unhealthy lifestyle practices in question like poultry farmer littering their dead birds suspected to disease that was threaten public health or supplying suspicious birds to poultry meat market in Bhaktapur area during recent bird flu outbreak was declared. Providing a context within which regulatory change can be introduced it was media's regular alertness which made government to declare Bhaktpur, Kritipur and some parts of Kathmandu for emergency bird flu control activities.

According to DeFleur Media can influence and shape societal/cultural norms by reinforcing existing patterns which can lead people to believe that given social norms and government policies are maintained by society. Media can create new shared convictions with respect to topics with which the public has had little experience. Media can also change existing norms and due to which convert people from one form of behavior to another.

Mass media are the channel through which large numbers of people are addressed. More often than not the target group makes little or no effort to receive a massage. There are two major communication media channels in health and disease outbreak related program. These are interpersonal and mass media. Mass media strategies are also said to be more intrusive as programs are imposed as a whole package to the entire population/community rather than being developed because of individual need. Mass media include print and electronic media such as newspaper, radio, television, film, and video. Dissemination of massages is from a single source and reaches a large number of people and places. Various formats that are appropriate for different target audiences and massages are offered by different type of media. These format include documentaries, news, spot/ plug, drama, talk shows, short feature, educational program, forum, jingle, posters, leaflets, brochures, newsletter.

The strength of mass media is their ability to reach very large audiences. Their weakness lies in that the audience reached by mass media are diverse and largely undifferenciated.This weakness is somewhat reduced by developing messages designed specifically for particular audiences. In mass media there is also little control over the audience's exposer to the message. Repetition of the massage through various formats increases the chance of reaching more of the target audience. Another weakness of mass media is their inability to obtain immediate feedback most of time. The user of medium should be able to develop feedback mechanisms such as viewers groups reactions.

***Roles of Mass Media for health promotion and disease outbreak contol program :*** Media as educator in this role mass media is the primary change agent and is the sole means of achieving health promotion and diseases outbreak control program objectives. Experiences have shown that media can effectively change behaviors as well as some determent of behavior like attitudes and knowledge. Media can also play role as supporter this function of media is important for problems of behavioral relapse. Media is shown to have reinforce previous message, support existing beliefs and health changes and encourage maintenance of the change undertaken. Media can also play role as promoter this function is the most common role of mass media. For any disease outbreak as well as health promotion activities carried out during such period effort made by television and newspaper advertisements, fliers, brochures, posters like media tool is being considered as common source of information.

Media can also play role as supplement in this function media supplements the effects of health promotion interventions as well as control and containment of disease outbreaks. Media can play a supplementary role by being integrated into the program which will help to achieve more effective outcome. Which have proved the information disseminated by media during the containment and control of unexpected outbreak of bird flu in around valley in recent time? Which period was also a difficult time to mass media too? The role played by different media need to be complemented. Has not so a havoc might have created in general public.

Lazarsfled and Merton have identified for several conditions for effective use of mass media for communicating propaganda for social values. These includes monopolization a condition where there is little or no communication of opposing values,policies or public image so that the absence of counter propaganda may contribute to meeting the desired effect of the disseminated message.Canalization this condition suggests that communication may be effective if the desired effect is simply the channelling of existing attitudes or behavior in a different but similar direction.This condition requires that desired effect is not the creation of new attitudes or behaviors that are in conflict with existing ones. Supplementation requires that mass media be supplemented by interpersonal contact since attitude and behavior changes require personalized communication.

The media are all powerful and have untapped potential which was developed in the early 1970s as a result of the tremendous impact of broadcast media especially commercial advertizing commercial goods and services. The media may be effective under some circumstances if the appropriate conditions are met.

For this following factors influence the effectiveness of mass media. Credibility the source must be trusted and reliable.But some times in compitition to scoup the news dessiminate news like death due to bird flu in Chitwon or swine flu in bird flu outbreak area in Bhaktapur by some media person which latter on turnout to be false. Which nearly created a psychological fear to public in general. Message should be relevant and meaningful to the receiver and able to understand. Media professionals should be involved to determine how best to use the media.

## FARMERS MEET PM DEMANDING COMPENSATION FOR DAMAGES

Kathmandu : Nepal Revolutionary Farmers' Federation has submitted a memorandum to Prime Minister Sushil Koirala, demanding compensation for damages incurred due to use of low-quality rice seeds. The Federation called on the Prime Minister today at his official residence Baluwatar. Farmers of Bhaktapur and Kavre who planted the rice seeds of DY-69 variety supplied to them by the Kasthamandap Trade Point Kathmandu suffered huge loss as the rice saplings yielded no fruit. The seeds were later reportedly outdated.

Paddy plants cultivated on a large scale (thousands of ropanis of land) in these districts turned unproductive, Federation President Dilli Prasad Kafle said. This is the second time the Federation met the PM and submitted a memorandum, seeking compensation to the victims who bore loss equivalent to over Rs 900 million due to negligence of government authorized seeds suppliers. It may be noted that earlier an all-party investigation committee was formed to look after farmers' problems and the same committee decided to take initiative for compensation. It has been almost a year that the victim farmers have been running from post to pillar for the compensation.

## YOUTHS START LIVESTOCK FARMING DISCARDING US PR

Pathari : Two brothers of Shanishchare in Morang district have undertaken livestock farming by discarding American PR, at a time when youths are increasingly opting for foreign employment. Gyanendra Bhitrikoti and Yogendra of Shanishchare Municipality- 5, Pathari who returned from their jobs in Washington DC for four years, have started livestock farming in Shanishchare. They said they were not given works other than porter and laborer. Both had been working in a Washington DC hotel and had been cleaning plates. They started the farming in the third week of August in two bighas of land.

They have now kept ducks, chickens, goats, cows in the farm and fish in the ponds. Bhitrikoti said they returned to Nepal for doing something rather than work in a foreign land. They have 20 milking cows in their farm, and sell milk in Pathari Bazaar. We make Rs. 15,000 from the cows, said Bhitrikoti. They also plan to keep pigs and wild boars in the farm. In foreign countries, there is opportunity for work and money, but there is no social life as in Nepal, he said. Bhitrikoti brothers are now an example among unemployed youths that one can make great economic benefit if we undertake agriculture with modern technology, said a local Paras Paudel.

## NEXT CAMPAIGN ORGANIC AGRO REVOLUTION

Falebas, Parbat,: The All Nepal Peasant Federation has started organic farming revolution in agriculture. Acting Chairman of the All Nepal Peasants Federation, a sister organization of CPN-UML, Keshav Lal Shrestha said organic agro-revolution has been started with an eight- year action plan to make the country's economy stronger. At the federation's zonal meeting, he said organic farming was stressed as there was decrease in productivity due to use of chemical fertilizers.

He said there were five packages for it, including organic agro-farm, college and university, bio- fertilizer factory, and target is to produce 3,700,000 metric tonnes of organic fertilizer. Shrestha also informed of plans of generating hydro power and establishing elderly home in the participation of farmers. An agro cooperative will be established for it, he said.On the occasion, UML Parbat Acting Chairman Raju Prasad Paudel said the campaign should be result-oriented.

## AGITATION PARALYSES AGRO UNIVERSITY

Ratnanagar (Chitwan),: The Agriculture and Forestry Science University based in Rampur of Chitwan has been in sorry state due to strike for a couple of months. Regular operation of classes here has been completely halted after the university teachers and staffs have enforced strike objecting to the appointment of teachers and employees. The regular operation of the university came to a halt when the disgruntled side padlocked the Dean Office and initiated indefinite sit-in citing dissatisfaction over the ignorance to the due process in appointments.

University Registrar Surya Kanta Ghimire said the teaching and learning has been disrupted due to agitation by a section of university teachers. He is hopeful of outlet to the problem as dialogue is on with dissenting side. Nepal National University Teachers Organization and employees had launched agitation alleging the university administration of appointing teachers and employees against the statute of the university, said Organization's Member Ananta Subedi.

## महानिर्देशक..

सरुवा हुन चाहेमा ७५ हजार देखि १ लाखसम्म बुझाउनु पर्ने अवस्थाको सृजना गरेको बताइएको छ। कृषिका क्षेत्र र किसान संगठनमा लामो समय काम गरेका मन्त्री हरिप्रसाद पराजुलीलाई असफल बनाउन स्वयं जिसीले अग्रसर भएको समेत स्रोतले बताएको छ। मन्त्रीले आफूलाई मन्त्रालयका मातहतका राम्रा आयोजनामा सरुवा नगरिदिने संकेत देखिएपछि उनी आन्तरिक रुपमा जिसी एमाले इतरका राजनीतिक व्यक्तिहरुको प्रयोग समेत गरी उनीहरुसँग उठबस गर्न थालेका छन्। नाम चर्चामा ल्याउन अत्यन्तै भोगी मानिएका जिसीले आफ्नो पदीय दायित्वलाई भुलेर समेत काम गरेका प्रमाणहरु कृषिलाई फेला परेको छ। जुन निजामती सेवामा कार्यरत कर्मचारीलाई बन्देज लगाइएको छ। त्यस्ता बन्देज लगाइएका कार्यमा अग्रसर एवं मन्त्रीलाई विवादमा तानी असफल बनाउन खोज्ने महानिर्देशकलाई मन्त्रीले काखी च्यापिरहेका भन्दै एमाले निकट कर्मचारीहरु नै रुष्ट भएका छन्। उनी राम्रा मान्छे हुन् तर व्यक्तिगत स्वार्थका लागि ठूला सपना बटुल्दै जस्तो हर्कत पनि गर्न तयार हुन्छन् उनीहरुको आरोप छ। मन्त्रीले कृषि क्षेत्रलाई विकास गर्ने हो भने कृषि विभागको जिम्मेवार पदमा व्यक्तिगत स्वार्थमा नलाग्ने अरुलाई नै महानिर्देशक बनाउन उपयुक्त हुने देख्छन्।

# बाराबाट मात्र ४० प्रतिशत माछा काठमाडौंमा खपत हुने

काठमाडौं। पछिल्लो समयमा माछा उपभोग गर्ने उपभोक्ताहरुको संख्या बढ्न थालेपछि आन्तरिक उत्पादनले नपुगेर भारतबाट करोडौंको माछा आयात हुने गरेको छ। भारतबाट आयात हुने त्यस्ता माछा स्वास्थ्यका दृष्टिकोणले हानिकारक हुन सक्ने आशंका स्वयं माछा व्यवसायीहरुले नै गरेका छन्। भारतबाट आताय गरिने माछालाई न्यूनिकरण गरि स्वदेशमा नै उत्पादित माछालाई उपभोगलाई बढावा दिन नेपाल मत्स्य व्यवसायी संघले जीउदै माछा बिक्रीको थालनी गरेको छ। स्वदेशी माछा खाऔं, नेपाललाई माछामा आत्मनिर्भर बनाऔं भन्ने मूल नारा सहित २०६९ सालबाट बल्खु तरकारी बजारमा जीउँदो कुखुरा बिक्री केन्द्र शुरु भएको थियो। नेपाल मत्स्य व्यवसायी संघ बाराका अध्यक्ष जंगबहादुर साहले शुरु गरेको सो माछा पसलसागै उपत्यकामा अहिले ५२ स्थानमा जीउादो माछा बिक्री वितरण भईरहेको जंगबहादुर शाहले कृषि साप्ताहिकलाई बताए।

शाहका अनुसार बाराबाट मात्र काठमाडौंको बजारमा ४० प्रतिशत माछाको आयात गरिएको छ। तर बजारलाई व्यवस्थित गर्न सम्बन्धित निकायले चासो नदिदा भारतबाट आयात गरिएको मृत माछा उपभोक्ताहरुले प्रयोग गरिरहनु परेको समेत शाहले बताए।

भारतबाट आयात गरिने मृत माछाहरुलाई ताजा नै राख्नका लागि फर्मालिन बिषादी प्रयोग गर्ने गरिएकोले सो बिषादीका कारण मानिसमा हानिकारक रोगहरु लाग्न सक्ने समेत शाहले जनाए । सो बिषादी मृत व्यक्ति कुहिन नदिन प्रयोग गरिने समेत शाहको तर्क छ।

पछिल्लो समयमा तराईका जिल्लाका किसानहरु धानबाली भन्दा माछा उत्पादनबाट बढी मुनाफा हुने भएको र धान लगायतका बाली उत्पादनका लागि जनशक्तिको समेत अभावले गर्दा गर्दा माछा उत्पादनमा नै जोड दिन थालेको केन्द्रिय मत्स्य व्यवसायी संघका सचिव त्रिलोकी प्रसाद चौधरीले कृषिसँगको कुराकानीमा बताए। तर तराईबाट आयात गरिने जिउँदो माछा उपत्यका भित्र्याउनका लागि अत्यन्तै असहज भएको समेत दुख व्यक्त गरे। चौधरीका अनुसार तराईबाट उपत्यका ल्याइनेक्रममा ठाउँ ठाउँमा प्रहरी प्रशासनबाट दुख दिने गरेकोसमेत बताए। भारतबाट ल्याइने मृत माछा सहज भित्रने तर स्वदेश मै उत्पादन भएका जीउँदो माछा ल्याउनेक्रममा प्रहरीबाट हुने सास्तीका कारण किसानहरु मारमा परेको समेत चौधरीले दुखेसो गरेकाछन्।

# जमिनलाई बचाउन सपेता लगाउनमा न्यूनीकरण गर्नुपर्नेमा जोड

जनकपुरधाम। सपेता भनिने मसला (भिक्स) लगाउनमा न्यूनीकरण गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। तराई निजी तथा सार्वजनिक वन स्रोत प्रवर्द्धन एवम् ग्रामीण विकास संस्था, बेंगाडावर, बडहरी र बहुसरोकारवाला वन कार्यक्रमद्वारा आयोजित कार्यक्रमका सहभागीले सपेताका कारण मधेसको उर्वर जमिन नष्ट हुनुका साथै पानीको मुहानमा नकारात्मक प्रभाव पार्ने गरेको बताएका छन्। एक अध्ययनअनुसार सपेताको एउटा बोटले एक दिनमा करिव आठ लिटर पानी सोस्ने गरिएको छ।

तराई निजी वन जिल्लाको उत्तरी क्षेत्रमा मात्र केन्द्रित भएकाले सम्पूर्ण जिल्लालाई नै केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव सहभागीहरुले दिएका छन्। कार्यक्रममा जिल्ला वन कार्यालयका वन प्रमुख वीरेन्द्र साहले कृषकहरूले छोटो समयमै सपेताबाट अधिक लाभ हुने गरेका कारण नियन्त्रणमा समस्या उत्पन्न भएको बताउादै तत्कालै यसको असरबारे प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। जिल्ला वनस्पति कार्यालय प्रमुख ताहिर हुसेनले निजी वन र वनस्पति कार्यालयको उद्देश्य मिल्दोजुल्दो भएका कारण तालमेल हुनुपर्नेमा जोड दिएका थिए।

# नार्कले पायो प्रथम पुरस्कार

काठमाडौं। निजामती सेवा दिवसका अवसर पारेर कृषि विकास मन्त्रालयले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगितामा नेपाल कृषि अनुसन्धान परिषद् नार्कले प्रथम स्थान हासिल गरेको छ। कृषि विकास मन्त्रालयको सभाकक्षमा आयोजित सो प्रतियोगितामा दोस्रो र तेस्रो स्थान क्रमश : कृषि विकास मन्त्रालय र पशु सेवा विभागले हात पारेको छ।

कृषि विकास मन्त्रालयमा यस्ता किसिमका कार्यक्रमले कर्मचारीहरुको व्यक्तित्व विकास हुने भएकाले अतिरिक्त क्रियाकलाप स्वरुपम विभिन्न दिवसका अवसरमा यस्ता कार्यक्रम सञ्चालन हुन थालेको मन्त्रालयले जनाएको छ। सचिव जयमुकुन्द खनाल कृषि विकास मन्त्रालमा सचिव भए आएदेखि नै यस्ता कार्यक्तम हुन थालेको समेत बताइएको छ।

निजामती दिवसकै अवसरमा मन्त्रालयले मन्त्रालयमा कार्यरत कर्मचारीहरुको बर्षभरी कार्य मूल्यांकनका आधारमा नगद ५ हजार र प्रसंशा पत्र दिने व्यवस्था समेत प्रदान गरेको छ। कृषि सचिव जयमुकुन्द खनालले सो पुरस्कार प्रदान गरेका हुन्। पुरस्कृत हुनेहरुमा सहसचिव रामप्रसाद पुलामी, वरिष्ठ बागबानी विकास अधिकृत रमिला मानन्धर, कृषि अर्थविज्ञ बुद्धिनाथ भट्टराई र विन्दिरा अधिकारी, कमल आचार्य, तिलक चौलागाईं शाखा अधिकृत होमनाथ भट्टराई र सवारी चालक काजीमान महर्जन रहेको छन्।

# सुपारीखेतीले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने

काठमाडौ। सुपारीखेतीको दिगो विकास गरी कृषिमा आधारित राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिने धारणा सो क्षेत्रका विज्ञहरूले राखेका छन्। नेपाल सुपारीखेती विकास संस्था र नेपाल सुपारी उत्पादन तथा व्यवसायी सङ्घ झापाद्वारा आयोजित पत्रकार सम्मेलनमा विज्ञहरूले नेपालको विभिन्न जिल्लामा फस्टाउँदै गएको सुपारीखेतीलाई सरकार, निजी क्षेत्र, दातृ निकाय र गैरसरकारी संस्थाबीच सहकार्य र समन्वय गरी विस्तार गर्न सकेको खण्डमा त्यसले मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउनेमा जोड दिएका हुन्। विकास संस्थाका अध्यक्ष देवीप्रसाद खतिवडाले सुपारीखेतीबाट झापा जिल्लाका विभिन्न सङ्घसंस्था, कृषक समूह, आमा समूह र एकल महिला आत्मनिर्भर बन्दै गएको बताए।

सुपारीखेती खासगरी नेपालको झापा, मोरङ, सुनसरी र इलामलगायतका जिल्लामा गरिन्छ। नेपाल सुपारी उत्पादन तथा व्यवसायी सङ्घ झापाका अध्यक्ष अर्जुनकुमार कार्कीले आव २०६९/०७० र २०७०/०७१ मा सुपारीखेतीबाट राम्रो आम्दानी भएको जानकारी दिए। उनले देशभरिको सुपारीखेतीबाट आव २०६९/०७० मा मात्र रु तीन अर्ब १५ करोड २५ लाख आम्दानी भएको बताए।

## कृषकका लागि...

राज्यले कानुनीरुपमा निषेध सम्म गरेको पाइन्छ। तर हामी कहाँ यो उत्तम प्रचलनमा छ। जस्का कारण वर्षौंनी कतिपय ठाउँमा बंगुरका खाइलाग्दा उमेरका पाठा तथा माउ बंगुर मर्ने गरेको पाइन्छ। जस्को ज्वलन्त उदाहारण गत वर्ष हेटौडाको कर्रा क्षेत्रमा मात्र करिब २०० जती माउ तथा बजार बिक्रि गर्ने उमेरका २०० बंगुर उपचार गर्दा गर्दै महिना दिनमा मरेको अभिलेख छ। औसतन प्रति बंगुर रू ५००० मात्र मुल्य आकलन गर्ने हो भने पनि १ करोडको आर्थिक क्षती कृषकले व्योहोरेको देखिन्छ। तसर्थ यसरी रछयान नै खुवाएर बंगुर पाल्ने हो भने यीनको बैज्ञानीक, निर्मलीकरण, निसंक्रमण, तथा निर्विषिकराण गरि मात्र खुवाउने हो भने पनि ३/४ मृत्यु दर घटाउन सकिन्छ, हाम्रो परिवेशमा।

२. बंगुर पाल्ने क्षेत्रको अवस्थिति व्यवस्थापन। सकभर बंगुर पालिने फार्म मानव बस्ती, धान खेती हुने फाँट भन्दा टाढा नै हुनु वेश। अझ एउटा बंगुर फार्म भन्दा अर्को बंगुर फार्मको दुरी क्रमिक ३/५ कि.मि. राखेमा बंगुर तथा बंगुरको खोर तथा फार्महरुमा रोगको ओसार पसार न्युन हुन सक्छ।

३. पहिलेनै बंगुर पाली राखेको बंगुर फार्म वा खोरमा नया बंगुरका पाठा पाठी मिसाउन परेमा तपाईंले पाली राखेका बंगुरहरुमा अवलम्बन गर्नुपर्ने उचित जैविक सुरक्षा अपनाए र पनि अन्यत्रबाट नयाा बंगुर मिसाउँदा रोग भित्रिने खतरा हुन सक्छ। स अन्यत्रबाट बंगुरका पाठापाठी ल्याउन परे सकभर एउटै बथानबाट ल्याउनु उचित हुन्छ। थरी थरीका बथानबाट बटुली ल्याएका पाठा पाठीबाट विभिन्न खाले रोग भित्रिन सक्छ। यसरी ल्याइने बंगुरका पाठा पाठी पनि उचित स्वास्थ्य परिक्षण गरि, दक्ष पशु चिकित्सकबाट स्वास्थ्य सम्बन्धी सबै अभिलेख प्रमाणित भएको हुन आवश्यक हुन्छ। ल्याइएका नयाँ बंगुरलाई ६/८ हप्ता सम्म आफ्नो पुरानो मुल बथानबाट ५ कि.मि. टाढा छुट्याएर राखिनु पर्छ। यस अवधिमा स्वास्थ्य सम्बन्धी कुनै कैफियत नदेखिएमा मात्र पुरानो बथान पालेको ठाउामा मिसाउनु पर्छ। प्रत्येक खोरमा काम गर्ने कामदारका लागि बुट लागाएतको बेग्लै व्यवस्था गर्नु उचित हुन्छ। एउटा खोरको काम सकाएपछि कामदारले गर्नुपर्ने व्यक्तिगत सरसफाई, खोर गोठको भुँइ, पर्खाल, दाना पानीका भाँडाको नियमित निर्मलिकरण, निसंक्रमण गर्नु त परि हाल्यो। हुर्काएर बेच्ने गरी बंगुर पाल्ने हो भने एकै पटक हुल्ने, एकै पटक बेच्ने पद्दति उचित हुनेछ।

४. बंगुर पालन क्षेत्रमा अन्य जनावर निषेध। बंगुर पालिने फार्म/खोर नजिक अन्य छाडा बंगुर, कुकुर, बिरालो, चिल, काग आदि जस्ता जीव जान्तुको प्रवेश निषेध गर्नु उचित हुन्छ। झिंगा, लामखुट्टे, किर्ना, उपिया, मुसा, छुचुन्द्रो जस्ता किरा फट्यांग्रा अनी शत्रु जीवहरुको नियमित नियन्त्रण उपाय अवलम्बन गर्नाले पनि रोग नियन्त्रणमा सहयोग नै पुऱ्याउछ।

***(निम्न कुराको बंगुरपालन फार्म तथा खोर गोठमा पहुाच न्युनिकरण एवं व्यवस्थीत गरिनुपर्छ )***

***क) पाहुना पर्यटक :*** बंगुर पालन व्यवस्थासाग सम्बन्धीत पूर्व निर्धारित व्यक्तिहरुलाई मात्र आफ्नो फार्म/गोठको सुरक्षा प्रयोजन अनुसार मात्र प्रवेश गराउनु पर्छ। जथाभावी मानिसहरुलाई अवलोकन गराउने हो भने अन्यत्रका रोग खोरमा भित्रने सम्भावना हुन्छ। यसरी आवश्यकता वाहिरका व्यक्ति बंगुर खोरमा लैजान परे राम्ररी सफा गरि आवश्यक निसंक्रमण तथा निर्मलीकरण गरी फार्ममा प्रवेश गर्दा लगाउने लुगा, जुत्तालाई लैजानु उचित हुनेछ। तपाई आफैं पनि अन्य बंगुर फार्म तथा खोरमा जथाभावी नजानु नै वेश।

***जैविक सुरक्षा बंगुर पालनका लागि :*** बंगुर पालन फार्म गोठ, खोरमा काम गर्ने कामदारका लागिः प्रत्येक किसिम तथा खोरका लागि सकभर छुट्टै कामदारको व्यवस्था गरिनु उचित हुन्छ। कामदारको व्यक्तिगत सरसफाई बंगुरलाई रोग लाग्नबाट बचाउने पूर्व शर्त मानिन्छ। खोरमा पसी काम गर्दा लगाउने लुगा तथा जुत्ता भिन्न व्यवस्था गरिनु पर्छ। एउटा खोरमा काम गरि सकेपछि अर्को खोरमा सोही कामदार पठाउन परे राम्ररी नुहाई छुट्टै लुगा लगाई जानु पर्छ।

बंगुरलाई उपचार गर्ने प्राविधिक चिकित्सक पनि निश्चित तोकिनु पर्छ। धेरै बंगुर फार्म चाहारी घुम्दै उपचार गरि हिड्नेलाई यसको जिम्मा नदिदा वेश। औषधि खुवाउन, लगाउन प्रयोग गरिने औजार सकभर फरक पार्नु नै उचित। सो नभए एक पटक प्रयोग पछि सफा गरि निर्मलिकरण अनि निसंक्रमण पछि मात्र प्रयोग गर्नु उचित हुन्छ।

***( बंगुरका दानाका लागि प्रयोग गरी बोरा, सकभर गोठै पिच्छे साटफेर नगर्नु नै उचित )***

***( ढुवानीका सवारी साधन :*** कुनै पनि प्रयोजनका लागि प्रयोग गरिने यी साधन बंगुरपालन फार्म खोर सम्म प्रवेश गर्दा उचित सफाई निर्मलिकरण निसंक्रमण गर्नु पर्ने अनिवार्य हुन्छ।

***निषेधात्मक औषधि उपचार एवं स्वास्थ्य व्यवस्थापन :***

बंगुर पालन गरिने क्षेत्रमा स्थानीय स्तरमा स्थापीत सरुवा तथा संक्रमक रोग, परजीवीको खोप बंगुरको उमेर, समय तालिका अनुसार आवधिक व्यवस्थापन गर्नु उचित हुनेछ। बेला बेलामा बंगुरको उमेर समुह अनुसार परजीवीको औषधि दिनै पर्ने हुन्छ। अनी पो भन्ने योर्कशायर लैण्डस, धराने काले बंगुरको गोठ, मासु बेच्दा नोटैनोट।



दक्षिण चीन प्रान्तको तरकारी मार्किटमा तरकारी खरीद गर्दै महिला। सिन्ह्वा

# १० करोड रुपैयाँ बजेट घटेर आए पनि किसानसम्म पुऱ्याउने सुविधा घटाएका छैनौं



## रमानन्द मिश्र

### कार्यक्रम निर्देशक– मत्स्य विकास निर्देशनालय

**मत्स्य विकास निर्देशनालयमा कार्यक्रम निर्देशकका रुपमा आउनु भएको छ कस्तो अनुभूति गर्नु भएको छ ?**

मत्स्य विषयमा नै अध्ययन गरेर विभिन्न ठाउँमा काम गरिरहँदा पक्कै पनि आफ्नो विषयसँग सम्वन्धित कार्यालयको प्रमुख बन्न पाए हुन्थो कि भन्न रहर त हुँदो रहेछ । त्यही अपेक्षा अनुरुप नै यतिखेर मत्स्य विकास निर्देशनालयको प्रमुख बन्न अवसर प्राप्त गरेको छु । यसबाट हर्षित पनि छु र साथै दायित्व थपिएको छ सँगसँगै देशमा विद्यमान मत्स्य विकासका समस्या समाधान गर्ने चुनौती पनि थपिएको छ ।

**मत्स्य विकासका लागि धेरै समस्याहरु छन् भन्छन् नि किसानहरु ?**

ठिकै हो कतिपय समस्याहरु छन्,समाधान गर्न नसकिने खालका समस्या छैनन् । तर संस्थागत समन्वयको अभावका कारण पनि समस्या ठूलो देखिन सक्छ । पहिलो कुरा त राज्य संयन्त्रले मत्स्य विकासका लागि विगत पाँच छ बर्षदेखि जसरी हेरिरहेको छ विगतमा पनि त्यसरी नै हेरिदिएको भए धेरै नै विकास भईसक्ने थियो । जुन गति यो अवधिमा भएको छ त्यसको सर्वाङ्गिण विकास अझै पनि हुन सकेको छैन । उत्पादनका क्षेत्रमा यसले धेरै नै प्रगति गरेको छ भने बजारीकरणका क्षेत्रका खासै कार्यक्रम ल्याउन सकिएको छैन । बजारीकरणका लागि हामी प्रयासरत छौं समस्या समाधान गर्न सकिने कुरामा हामी विश्वस्त छौं । हामीले बजार निर्माण शुरु गरिसकेका छौ जसले बजार र उत्पादन क्षेत्रसँग जोड्ने छ ।

**तैपनि समस्या त होलान् नि ?**

छन् किन नहुनु । बिषादीका कारण माछाहरु मर्ने गरेको एउटा प्रमुख कारण थियो भने अर्को किसानहरुले पनि माछाको ढुवानी गर्दा पनि समस्या परिरहेको छ । तेस्रो किसानहरुको गुनासो भनेको सरल र सहज रुपमा ऋण पाइएन भन्ने छ भने अर्को बाढी पहिरोबाट हुने नोक्सानलाई राज्यले सम्वोधन गरेन भन्ने किसानहरुको गुनासो छ ।

**त्यसो भए योजना के बनाउनु भएको छ त ?**

यो भन्दा पनि अगाडि राष्ट्रिय कार्यक्रम प्रमुखका हैसियतले पनि मत्स्य विकासका लागि सम्वन्धित निकायहरुमा सुझाव दिएको पनि छु । र कतिपय चीजहरु कार्यान्वयनमा आईरहेका पनि छन् । मुख्य रुपमा माछा उत्पादन क्षेत्रमा नै वरफ र प्याकेजिङ्गको व्यवस्था हुनु पर्दछ भन्नेमा लागेको छु । अर्को कुरा के हो भने उत्पादन स्थलबाट बजारसम्म पुऱ्याउनका लागि सवारी साधन र माछाको विशेष बजार स्थापना गर्नु पर्दछ भन्ने नै हो । यसैबर्ष हामीले रेफ्रिजेरेटरको भन्सार दर घटाउन सफल भएका पनि छौं । जीउँदो माछाको माग बढ्दो भएका कारण ढुवानीका लागि सवारीमा छुट मागेका थियौं त्यो सफल भएको छैन त्यसका लागि पनि हामी प्रयासरत छौं । बारा र जनकपुरमा बजार भएपनि काठमाडौंमा नभएकाले हामीले काठमाडौंमा सुविधासम्पन्न बजार बनाउन पहल भईरहेको । अहिले पनि माछाका बजारीकरण समस्या छैन । कहिले काँही किसानहरुले भाउ पाइएन भन्ने बाहेकका अरु गुनासा गरेको अवस्था छैन ।

**नेपालमा माछाको उत्पादन बढ्दो छ तर आयातपनि त्यही मात्रा बढिरहेको छ भन्छन् नि त?**

हो नेपालको कृषि क्षेत्रमध्ये सवैभन्दा बढी उत्पादनबृद्धि दर आठ प्रतिशतले बढेको माछामा नै हो । अहिले मानिसहरु स्वास्थ्यप्रति संवेदनशील हुन थाले र रातोमासु भन्दा सेतो मासु नै ठिक भन्ने सोच बढ्यो । सेतो मासुका लागि कुखुरा र माछाको विकल्प छैन भने कुखुरामा बर्डफ्लुको त्रासले विकल्प माछा मात्र रहेकाले यसको माग बढ्दै गईरहेको छ । १८ प्रतिशत माग बढ्नु र ८ प्रतिशत उत्पादन बृद्धि हुनुले पक्कै पनि माग नपुगेको नै हो । हामीले १८ देखि २० प्रतिशत माछा उत्पादनको बृद्धि गर्न सक्यौं भने मात्र आन्तरिक मागलाई पूर्तिगर्न सक्छौं । त्यसका लागि हामीले एउटा परियोजना तयार पनि गर्दै छौं त्यो सफल भयो भने पाँच बर्षभित्रमा हामी माछामा आत्मनिर्भर बन्न सक्छौं । यही कुरा हामीले राष्ट्रिय योजना आयोगमा पनि गरेका थियौं तर गतबर्ष २८ करोडको मत्स्य विकासको बजेट झरेर १८ करोडमा आएको छ । कृषिमा सवैभन्दा बढी प्रतिफल दिने माछा उत्पादनमा हामी ग्यारेण्टी भनेर किसानलाई भनिरहेका छौं, युवाहरुलाई सर्वाधिक आकर्षण गर्न सकिने क्षेत्र पनि हो यो किनकी यसका श्रम धेरैदिनु पर्दैन । मेहनतको कामभन्दा पनि रमाईलोसँग गर्न सकिने काम पनि हो त्यत्रि हुँदा हुँदै पनि यो क्षेत्रले प्राथमिकता पाउन सकेन ।

**किन प्राथमिकता पाउन सकेन त ?**

राज्यले कृषिलाई प्राथमिकता नदिएकै कारण हो कि भन्दा हुन्छ । मलको अभाव हुन नदिन सरकारले अनुदान तर्फ ध्यान केन्द्रित गरेका कारण पनि रकम कटौती केही मात्रामा भएको छ । हाम्रो १८ करोड बजेट भएपनि अन्य सञ्चालन खर्चमा कटौती गरेर किसानमा पुऱ्याउने सुविधामा कटौती गरेका छैनौं ।

**उत्पादन बृद्धि गर्नका लागि नै अनुदानको व्यवस्था पनि छ होइन ?**


नेपाललाई माछा उत्पादनमा आत्मनिर्भर बनाउन सरकारले केही कदम अगाडि बढाईरहेको छ । त्यसका लागि नै अनुदानको व्यवस्था गरेको हो । त्यसका लागि माछा पोखरी निर्माणका लागि अनुदानको व्यवस्था गरेको छ । तराईमा एक हेक्टरका लागि १ लाख रुपैयाँ र मध्य पहाडी जिल्लामा १ हेक्टरका लागि २ लाख दिने व्यवस्था गरेको छ । यो व्यवस्था ४६ जिल्लामा लागू गरिएको छ । अर्को अनुदान भनेको अक्सिजन बनाउनका लागि सरकारले ७५ प्रतिशत अनुदान दिएको छ । भने गुणस्तरीय दाना उत्पादनका लागि पनि हामीले ७५ जिल्लामा सहयोग गर्न खोजिरहेका छौं । सरकारले माछा पालनका लागि किसानहरुलाई ल्याएका कार्यक्रमहरु अत्यन्तै राम्रा छन् ।

**त्यसो भए अरु कृषि उत्पादनमा भन्दा मत्स्य पालनमा किसानहरु आकर्षण भएको पाउनु भएको छ ?**

हो अहिले अरु कृषि उत्पादन भन्दा माछा पालनमा नै बढि किसानहरु आकर्षित बनेका छन् । हामीले देशभर अनुगमन गर्ने क्रममा पनि त्यही नै पाएका छौं । बारा,चितवन, बर्दियामा लहर नै चलेको छ । माछा पालनका लागि झापा पछाडि थियो त्यहाँ समेत किसानहरु उत्साहित भएको देखिएको छ । अहिले तीन कारणले गर्दा माछाप्रति किसानहरुको आकर्षण बढ्दै गएको छ । पहिलो कुरा अन्य कृषि उत्पादनका लागि युवाहरु विदेश पलायन भएका कारण जनशक्तिको अभाव हादै गयो । दोस्रो माछा व्यवसायमा अन्य कृषि उत्पादनको तुलनामा प्रतिफल धेरै छ र तेस्रो कुरा भनेको जोसुकैले पनि गर्न सक्ने छन् । खासगरी शिक्षित युवाहरु माछा उत्पादनतिर बढी आकर्षित देखिएका छन् । अझै हामीले राम्रो सेवा र गुणस्तरीय सामग्रीको सुनिश्चितता गर्न सक्यौ र हाम्रा सन्देश ग्रामिण भेगसम्म पुऱ्याउन सक्यौं भने अझ प्रभाव पर्दछ । सरकारले किसानहरुका लागि ल्याएको बीमाकै सन्दर्भमा किसानहरुले जानकारी पाउन सकेका छैनन् । सरकारले ल्याएका किसानका लागि ल्याएको कार्यक्रमहरु मात्र किसानसम्म पुऱ्याउन सकियो भने मत्स्य विकास मात्र होइन कृषिका अन्य क्षेत्रमा पनि निकै सुधार ल्याउन सकिन्छ ।

**अन्त्यमा के भन्नु हुन्छ ?**

आम किसानहरुलाई के भन्छु भने जहाँ अन्न बाली हुँदैन र पानीको सुविधा छ भने त्यस्तो ठाउँमा माछा पाल्नुस् । खेर गईरहेका जलश्रोतको सदुपयोग गर्ने एउटा माध्यम माछा पालन पनि हो । त्यसको अलावा हाम्रा नीति निर्माताहरुलाई के भन्न चाहन्छु भने जहाँ जहाँ जलश्रोत छ त्यहाँ उर्जाका अलावा अर्को क्षेत्र भनेको माछा पालन हो किनकी माछाले पानी प्रयोग गर्दैन त्यसैले पनि यसलाई बढावा दिनु आवश्यक छ । भने किसानहरुलाई लहै लहैमा मत्स्य पालनमा नलाग्नुस् सरकारी प्राविधिकहरुसाग बुझेर सल्लाह गरेर अगाडि बढनुस् सफल भईन्छ । त्यसका लागि मत्स्य विकास निर्देशनालय साधै तपाईहरुकै सेवा लागि प्रतिवद्ध छ । *-वैकुण्ठ भण्डारी*



> माछा पोखरी निर्माणका लागि अनुदानको व्यवस्था गरेको छ । तराईमा एक हेक्टरका लागि १ लाख रुपैयाँ र मध्य पहाडी जिल्लामा १ हेक्टरका लागि २ लाख दिने व्यवस्था गरेको छ । यो व्यवस्था ४६ जिल्लामा लागू गरिएको छ । अर्को अनुदान भनेको अक्सिजन बनाउनका लागि सरकारले ७५ प्रतिशत अनुदान दिएको छ । भने गुणस्तरीय दाना उत्पादनका लागि पनि हामीले ७५ जिल्लामा सहयोग गर्न खोजिरहेका छौं । सरकारले माछा पालनका लागि किसानहरुलाई ल्याएका कार्यक्रमहरु अत्यन्तै राम्रा छन् ।

कृषि पत्रकार समाजका लागि हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः अनामनगर, फोन नंः ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई–मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना काठमाडौं, सम्पादकः वैकुण्ठ भण्डारी